# प्रदेश सभा

## गण्डकी प्रदेश

## दोश्रो अधिवेशन

## (सत्रौं बैठक)

## कार्यवाहीको सम्पूर्ण विवरण

## मिति : २०७५/०३/०३ गते, समय १ घण्टा ३८ मिनेट ०३ सेकेण्ड

प्रदेश सभाको दोश्रो अधिवेशनको आजको बैठकको कार्यवाही माननीय सभामुख श्रृजना शर्माको अध्यक्षतामा आईतबार दिनको ३:४४ बजे प्रारम्भ भयो ।

### माननीय सभामुख

माननीय सदस्यहरु, आजको  बैठकको कारबाही प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङलाई मिति २०७५ असार १ गते सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७५।०७६ को राजस्व र व्ययको वार्षिक अनुमानका सम्बन्धमा आफ्नो भनाई सहित वक्तव्य प्रस्तुत गर्न अनुमति दिन्छु ।

### माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ

माननीय सभामुख महोदय, आर्थिक वर्ष ७५।७६ को बजेट बजेट वक्तव्य असार १ गते प्रस्तुत भएर टेबल भैसकेको छ । हाम्रो नियमावलीले व्यवस्था गरे अनुरुप यसको छलफल शुरु हुनु भन्दा पूर्व आर्थिक मामिला मन्त्रिले वक्तव्य बजेटका सन्दर्भमा केही कुराहरु बोलेर शुरु गर्नु पर्ने व्यवस्था भएका कारणले मात्र म यहाँ उभिएको छु । यहाँहरु सबैलाई थाहा छ बजेट वक्तव्य स्पष्ट ढङ्गले नै सबै कुराहरु देखाईसकेको छ । ईङ्गित गरिसकेको छ र हाम्रो बजेटको बारेमा त्यसको बारेमा मैले धेरै प्रकाश पारिरहनु पर्छ भन्ने मलाई लाग्दैन । म एउटा कुरा माननीय सदस्यज्यू हरुलाई आग्रह गर्न चाहन्छु । यो बजेट हाम्रो बजेट हो । हामी सबैको बजेट हो र यो बजेट सत्ता पक्षको मात्रै हैन यो बजेट प्रतिपक्षको पनि हो र यो बजेट हामी

सबै माननीय सदस्यहरुको साझा बजेट हो । यो सरकारको मात्रै बजेट हैन त्यति मात्रै हैन यो प्रदेश ४ नम्बरको सबै जनताको निम्ती हामीले अब कति सम्बोधन गर्न सकेका छौ सकेका छैनौ त्यो भोलिका दिनहरुमा पनि हामीले त्यसलाई सम्बोधन गर्दै जाने छौ र सबै यो प्रदेशका निम्ती विकाससंग सम्बन्धित भएर यहाँका जनतासंग सम्बन्धित भएर यो प्रदेशको समृद्धिसंग सम्बन्धित गराएरनै यो बजेट विनियोजन गरिएको छ र यसमा स्थानीय तहलाई सहभागितामूलक ढङ्गले यसलाई अगाडी बढाउने सहकार्य गरेर अगाडी बढाउने र स्थानीय तहलाई अझ शक्तिशाली बनाएर विकास निर्माणको काममा अगाडी बढाउनका निम्ती यो बजेटले विशेष ढङ्गले जोड दिएको छ  र सकेसम्म हामीले सबै स्थानीय तहको समन्यायिक ढङ्गले बजेट वितरण हुनुपर्छ भनेर न्याय गर्न हामीले सकेसम्म न्याय गर्न हामीले खोजेका छौ । यो प्रदेश भित्र सबै स्थानीय तहको अवस्था एउटै छैन । त्यसकारणले जुन ठाउँमा कमजोर छ त्यो ठाउँलाई विशेष ध्यान दिईएको छ । जुन ठाउँमा भौतिक पूर्वाधारहरु पुगेको छैन विकासका भौतिक पूर्वाधारहरु त्यसलाई जोड दिने प्रयत्न चाहीँ गरिएको छ । र जुन ठाउँमा हामीले प्रदेश गौरबको आयोजनाको रुपमा संचालन गर्न पर्ने हो र त्यो ठाउँमा हामीले अहिले हामीले प्राथमिकिकरण गरेर अब त्यसलाई पनि हामीले जोड दिएका छौ । तर यो अहिलेको आर्थिक वर्ष भनेको अझै पनि यहाँहरुलाई म स्मरण गराउन चाहन्छु कि यो हाम्रो अझै पनि तैयारीकै वर्ष हो । यो समृद्ध बनाउने यो प्रदेशलाई आर्थिक सामाजिक हिसाबले समृद्ध बनाउने यो अभियानकै एउटा तैयारीको वर्षको रुपमा हामीले यो वर्षलाई लिएको छौ । यसैले हामीले त्यही ढङ्गलेनै बजेट विनियोजन गरिएको छ । धेरै ठाउँहरु बाट प्रश्न उठने गरेको पनि छ । तपईहरुले अरबौ लाग्ने योजनाका योजनाहरु तपईहरुले भन्नु हुन्छ तर पैसा चाहीँ थोरै विनियोजन गरिएको छ भनेर पनि अब केही ठाउँहरुमा मलाई भन्नुभको छ  र मैले अहिले यो एक वर्षमा जति खर्च गर्न हामी सक्छौ हुन सक्छ त्यो अरबौको योजना हुन सक्छ खरबौको योजना पनि हुन सक्छ तर यो वर्षमा त्यसका निम्ती हामीले के के काम गर्न सक्छौ र त्यसका निम्ती कति आवश्यक पर्ने हो त्यति मात्रै अनुमान गरेर यो बजेट विनियोजन गरिएको छ यसमा सबैको ध्यान जान आवश्यक छ र धेरै कुराहरु हामीले अहिले यो प्रोजेक्ट निर्माण गर्नि अर्थात गुरु योजना चाहीँ तयार गर्नि र सके सम्म यही वर्षनै हामीले गुरु योजना तयार बनाएर त्यसको लागत हामीले तय गरीसके पछि त्यसलाई विधि सम्मत ढङ्गले त्यसलाई अगाडी बढाउनका निम्ती हामीले के गर्न सक्छौ त्यो कामहरु गर्नि ढङ्गले र त्यसलाई पुग्ने हिसाबले मात्रै यो बजेट विनियोजन  भको छ र यसका निम्ती सबै माननीय सदस्यहरु हामी सबै  यो प्रदेशलाई समृद्ध बनाउनका निम्ती स्थानीय सरकार पनि छ । प्रदेश सरकार भन्दा तल स्थानीय सरकार छ प्रदेश भन्दा माथी माथी भन्नाले मैले यो केन्द्रिकृत ढङ्गले मैले भन्न खोजेको होइन संघ सरकार छ तिनवटा सरकार

रहेको छ र तिनवटा सरकारलाई समन्वय गर्ने र यलाइ संयोजन गरेर मात्रै हामीले समृद्धि प्राप्त गर्न सक्छौ । त्यसैले प्रदेश सरकारका प्रदेश सभाका हामी माननीय सदस्यहरु हाम्रो प्रमुख भूमिका भनेकोनै हाम्रो प्रदेश भित्रको विकास निर्माणका कामहरुमा आयोजनाहरुमा कार्यक्रमहरुमा हाम्रो भूमिका भनेको सहजिकरण गर्नि त्यसलाई अनुगमन गर्नि र कहाँ के समस्याहरु छन ति समस्याहरु लाई हामीले यही सभाबाट यो सम्मानित सभाबाट त्यसलाई उठान गर्नि ध्यानाकर्षण गर्नि अर्थात त्यसका निम्ती के गर्नुपर्छ ति सबै अब अधिकारहरु सबै माननीय सदस्यहरुमा रहेको हुदाँ र हामी सबैले आ-आफ्नो ठाउँबाट र सकारात्मक सोचका साथ अगाडी बढनु पर्छ म यो आव्हान गर्न चाहन्छु । निवेदन गर्न चाहन्छु र सबैलाई म सकारात्मक सोचका साथ सकारात्मक ढङ्गले यो बजेटमा छलफल चलाउनका निम्ती म अनुरोध गर्न पनि चाहन्छु यहाँहरु सबैलाई थाहा छ हिजो हामीले बजेट वक्तव्य बजेट बनाउदा सम्म हामीलाई थाहा थिएन बजेट प्रस्तुत भैसकेपछि अझ आज हामी सबैलाई थाहा छ यो बजेटको आकारलाई हेर्ने हो भने सबै भन्दा कान्छो हामी छौ र हिजो अब वित्तिय र राजस्व बाडँफाडँबाट र श-शर्त अनुदानको हिसाबले जति हाम्रो प्रदेशलाई थियो र त्यसमा पनि हामी कान्छो नै थियौ र यहाँहरुलाई मैले यो बजेट फेरी यथार्थ धरातलमा हामीले बनाएका छौ ।

हामीले एमटिएफ गरेर मध्यकालिन खर्च संरचना जुन तिन वर्षिय हुन्छ र त्यसैको आधारमा रहेर हामीले यो बजेट तयार पारेका छौ । त्यसले गर्दा खेरी पनि हाम्रो यो बजेट अब एउटा यथार्थवादी ढङ्गले हामीले यो गरेका छौ । मनलागी ढङ्गले हामीले बजेटको चाहीँ आकार बढाउनका निम्ती हामीले विभिन्न अनुदानमा विभिन्न ढङ्गले हामीले यलाई आकार हामीले बढाएका छौं । हामीले यसलाई २८ अरब पनि बनाउन सक्थेम छब्बिसै अरब बनाउन पनि सक्थेम उस्तै परे हामीले तिसै अरब बनाउन पनि हामीले सक्थ्यौ होला तर हामीले त्यसो गर्न चाहेनौ र हामीले एउटा सिद्धान्तमा एउटा मान्यतामा आधारित भएर हामीले यो बजेट बनाएका छौ र त्यो भनेको मध्यकालिन खर्च संरचनाको आधारमा हामीले यो तयार पारेका छौ र हामीले जुन हामीले अब ऋण लिएका छौ र जति हामीलाई अप्रयाप्त हुन्छ भन्ने छ मलाइ लाग्छ त्यो ऋण पनि हामीले तिर्नु पर्छ जस्तो मलाई लाग्दैन । हामीले जुन अनुमान गरेका छौ अब ८० करोड अपुग हुन सक्छ र ति ८० करोड चाहीँ हामीले अब ऋण चाहीँ आन्तरिक ऋणबाट उठाउने छौ भनेर हामीले त्यो गरेका छौ र मलाई लाग्छ अब त्यो स्थिती पनि नआउन सक्छ र हामीले यसलाई कार्यान्वयन गर्ने कुरालाई कार्यान्वयन गर्नका निम्ती आवश्यक पर्ने संरचनाहरुलाई हामीले पारदर्शि ढङ्गले छिटो भन्दा छिटो तयार पारेर र यो बजेटलाई कार्यान्वयन गर्ने तर्फ हामीले अब जोड दिनेनै छौ र अब यसका निम्ती अब

यो बजेटलाई साच्चिकै यो बजेटलाई  कार्यान्वयन गर्नका निम्ती यो बजेटमा रहेका कमि कमजोरीहरुलाई आगामी वर्षमा अर्थात त्यसलाई कसरी हामीले सच्च्याउन सक्छौं र त्यस सम्बन्धि अब यहाँहरुले अब छलफलको क्रममा यहाँहरुले सकारात्मक ढङ्गले अब सुझाव दिनुहुनेछ त्यो अपेक्षा सहित म आफ्नो भनाई यही समाप्त पार्छु । हस त धन्यवाद ।

## माननीय सभामुख

अब माननीय आर्थिक मामीला तथा योजना मन्त्री श्री किरण गुरुङले मिति २०७५ असार १ गते सभामा प्रस्तुत गर्नुभएको आर्थिक वर्ष २०७५।०७६ को राजस्व र व्ययको वार्षिक अनुमान माथीको सामान्य छलफल प्रारम्भ हुन्छ ।

सर्वप्रथम माननीय श्री राजिव पाहारीलाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री राजिव पाहारी

माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङले असार १ गते यस प्रदेश सभा समक्ष कुल २४ अरब २ करोड ३३ लाख आ.व. ०७५।०७६ का लागी बजेट प्रस्तुत गर्नुभयो जसमध्ये ६.९१ अरब २६% चालु खर्च १५.९० अरब ६६% पूजिँगत खर्च र वित्तिय व्यवस्था तर्फ ५% विनियोजन गरिएको छ कुल बजेटको खर्च व्योहोर्ने स्रोत मध्ये १ अरब ६९ करोड आन्तरिक राजस्वबाट र बाकी रकम केन्द्रिय सरकारको अनुदानमा भर परेको बजेटको १ अरब ४० करोड न्यून हुने हुनाले आन्तरिक ऋृण र चालु आ.व.को संचितिबाट खर्च व्योहोर्ने प्रस्ताव बजेटमा गरिएको छ । समग्रमा भख्खरै स्थापित सरकार जसको आफ्नै  राजस्वको सिमितता र प्रशासनिक राजस्व संरचनाको अभाव कानूनी संरचनाको अभाव र खर्च गर्न सक्ने क्षमताको अभावको सन्दर्भमा प्रस्तावित बजेटको आकार र खर्च व्योहोर्ने स्रोतको प्रक्षेपण स्वभाविकनै छ । यो बजेटले प्रदेशको आर्थिक समृद्धिको जग र समाजवाद उन्मुख अर्थतन्त्रको निर्दिष्ट लक्ष्यलाई हासिल गर्न सबै प्रकारका विभेद, वहिष्करण, उत्पिडन र असमानताको अन्त्य गर्नका लागी समन्यायिक वितरणका माध्यमबाट सामाजिक आर्थिक रुपान्तरण गर्ने उद्देश्य राखेको छ । बजेटले प्रादेशिक नीति तथा संरचना निर्माणको प्रवन्ध मिलाउने लगानी मैत्री वातावरण सिर्जना गरी सन्तुलित विकास गर्ने उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगारी वृद्धि गर्ने र गरिबी र भोकमरीको न्युनिकरण गर्ने

उद्देश्यहरु पूर्ति गर्न भौतिक पूर्वाधार निर्माण कृषि क्षेत्रको आधुनिकिकरण सामाजिक विकास पर्यटन उर्जा र औद्यौगिक विकासलाई उच्च प्राथमिकतामा राखेको छ र सबै क्षेत्रमा क्षेत्रमा भौतिक पूर्वाधार निर्माण र स्तरोन्नति गर्ने अल्पकालिन र मध्यकालिन सोच राखेको छ । बजेटले सडक सञ्जाल निर्माण गर्न मुख्य रुपमा बजेट विनियोजन गरेको छ । यस अन्तर्गत प्रदेशका गौरबका सडकहरु कोराला पोखरा, पोखरा डेड गाउँ हुदै दुम्कीबास, बुढीगण्डकी, देबघाट, मुग्लिङ्ग र मरस्याङ्दी करीडोर, शालिग्राम सांस्कृतिक करीडोर, एक निर्वाचन क्षेत्र एक स्तरिय सडक, पोखरा उपत्यका बृहत चक्रपथ लगायत थुप्रै निर्माणाधिन सडक नयाँ सडक सञ्जालको सम्भाव्यता अध्ययन र विस्तृत परियोजना बनाउने कार्यक्रम अगाडी सारेको छ । बजेटले प्रदेश नं. ४ को विशिष्टताको आधारमा पर्यटन पूर्वाधारको निर्माण, पर्यटन क्षेत्रहरुको विकास, नयाँ पर्यटन गन्तव्यहरुको पहिचान, हिमाली क्षेत्रका आधारित शाहशिक खेल, पर्यटन, ग्रामिण पर्यटन प्रवर्द्धन आदिको लागी पर्यटन गुरुयोजना बनाउने देखि ३०० वटा होम स्टे बनाउने फेवातालको संरक्षण, सम्वर्द्धन आकार वृद्धि र व्युटिफिकेशनको लागी रकम छुट्टाउने फेवा बेगनास रुपामा मोनोरेल संचालन गर्ने कामलाई विशेष जोड दिएको छ । कृषी तथा पशुपालन प्रदेश नं.४ को अर्थतन्त्रको मेरुदण्ड नै हो यसको विकास यसको आधुनिकरण र व्यवसायिकरणमा निर्भर गर्छ । कृषी बाली र पशुपालन र बागवानि पकेट  क्षेत्रको विकास नमुना कृषी गाउँ लगायतका यथेष्ट कार्यक्रमहरु बजेटले समेटेको छ । बजेटमा  शिक्षा र स्वास्थ्य क्षेत्रका कतिपय नविन सोच देखिन्छन । खासगरी प्रदेश स्तरिय विश्वविद्यालय र प्राविधिक महाविद्यालय स्थापना गर्ने प्रदेश राजधानीमा एक हजार शैयाका अत्याधुनिक सार्वजनिक अस्पताल बाल मैत्रि अस्पताल क्यान्सर मुटु मृगौला उपचारका लागी अस्पताल निर्माण गर्ने लगायतका उल्लेखिय कुराहरु छन । बजेटको महत्वपूर्ण पक्ष भनेको यसले संघियतालाई सुदृढ गर्न वित्तिय संघियतालाई अवलम्बन गरी स्थानीय तहसंग राजस्व परिचालनमा साझेदारी र विकास निर्माणमा साझेदारी गर्ने तथा पालिकाहरुको विकासमा समन्वयकारी भूमिका खेल्ने कुराहरुमा यसले प्रतिवद्धता गरेको छ । समग्रमा बजेट सन्तुलित भरोसायोग्य र दुरदृष्टिको  प्याकेजको रुपमा आएको छ । तर यस बजेटमा उल्लेखित कार्यक्रमको कार्यान्वयन क्षमतामा यसको सफलता निर्भर हुन्छ । यति हुदा हुदै पनि कृषी कृषी आयमा कर नलाएको भए कृषी भूमीको सुरक्षा र भू-उपयोगको नीति ल्याएको भए र जनताका प्रतिनीधिहरुको रुपमा रहेका सांसदलाई प्रत्यक्ष विकास निर्माणमा संलग्न गर्ने गरी केही कार्यक्रम र योजना ल्याएको भए बजेट सुनमा सुगन्ध थपे जस्तो हुन्थ्यो । हिजो अर्जेन्टिनाका कप्तान मेसीले पब बल गोलपोष्टमै ताकेर हान्दा पनि आइसल्याण्डका गोलकिपरले बल रोकेर गोल हान्न दिएनन । त्यसै गरी प्रदेश नं.४ को यो बजेट मार्फत विकास निर्माण र समृद्धिको गोल हान्न प्रदेश सरकार मुख्य मन्त्री

अर्थ मन्त्री आतुर हुनुहुन्छ तर बजेटमा उल्लेखित कार्यक्रमहरु सम्भाव्यता (सभामुख-माननीय सदस्य समय सकियो) कार्यान्वयन क्षमताले विकास र समृद्धिको गोल हानिने कुरामा समस्या आउने त होइन यतातिर पनि ध्यान दिनको निम्ती म अर्थ मन्त्रीज्यूको ध्यान आकृष्ट गराउँछु । धन्यवाद नमस्कार ।

## माननीय सभामुख :

माननीय श्री कृष्ण चन्द्र नेपाली पोखेललाई छलफलमा भाग लिन समय दिन्छु समय १० मिनेट

## माननीय श्री कृष्ण चन्द्र नेपाली पोखेल

सभामुख महोदय, माननीय अर्थ मन्त्रीजीले प्रदेश सरकारको तर्फबाट यो असार १ गते यहाँ प्रस्तुत गर्नुभएको बजेटका सन्दर्भमा हामी सामान्य छलफलका सन्दर्भमा छौ । भरखरै अर्थ मन्त्रीजीले यहाँ बडो गहन कुराहरु राख्नु भाको छ । धेरै कुराहरु राख्नु भाको छ । त्यो मध्ये एउटा म उल्लेख गर्न चाहन्छु वहाँले यो बजेट सत्ता पक्षको मात्र हैन यो बजेट प्रतिपक्षको पनि हो यो बजेट सबैको हो भनेर जुन उदगार व्यक्त गर्नुभाको छ म रातो किताब आउँदा खेरी कमसेकम त्यो कुरो समेटीन सकियोस भन्ने शुभकामना दिन चाहन्छु । प्रतिपक्षले पनि अर्थ मन्त्रीजीले भने अनुरुप अनुभव गर्ने मौका मिलोस म शुभकामना दिन चाहन्छु । सभामुख महोदय यो २०२ बुदामा मेहनतका साथ जुन बजेट यहाँ पेश भाको छ त्यसलाई म नराम्रो या अन्य संज्ञा दिन चाहन्न । बडो कर्ण प्रिय छ सुन्दा बडो मिठो छ पढौं पढौं जस्तो पनि छ तर सभामुख महोदय म के स्मरण गराउन चाहन्छु भने कही यो बजेट ठिक त्यस्तै त हुदैन जस्तो ल्हासाबाट सिंगासे, सिंगासेबाट केरुङ, केरुङबाट रसुवा काठमाण्डु पोखरा लुम्बिनी रेलमार्ग बडो आनन्द हामी नेपालीहरु जतिखेर हामी ब्लकेडमा थियौ त्यो शब्दले लाग्यो हामी रेल चढेकै छौ । त्यस्तै यो बजेटमा २०२२ सम्ममा या २२ साल सम्ममा २० लाख पर्यटकहरु भित्राउने एउटा उदघोष भाको थियो नीति कार्यक्रममा र त्यो कार्यक्रम त्यही नीति कार्यक्रममा यो प्रदेशको आम्दानी डबल बढाउने र हाम्रो प्रति व्यक्ति आय २५०० अमेरिकी डलर बढाउने यी सबै कुराहरु रोमान्चित थिए र मलाई लाग्यो सायद त्यही पेरीफेरीमा बजेट आएको छ तर मैले हेर्दैगर्दा खेरी के पाए भने सडक पुललाई छोडेर यो विषय वस्तुलाई सम्बोधन केले गरिराछ त भन्दा खेरी मुख्य मन्त्री नमुना पर्यटकिय गाउँ भनेर तिन सयलाई र मुख्य मन्त्री वातावरणिय नमुना गाउँ भनेर केही बजेट राखिएको छ

३० करोड १० करोड र लघु उद्यम मार्फत रोजगारी दिने भनेर ३ करोड त सभामुख महोदय, यो शिर्षक र यो बजेट र यसले २० लाख पर्यटक ल्याउन सकिएला त अहिले १० लाख एभरेजमा त्यो गाउँलाई पाउँछ। यसरी नै हिसाब गर्दै जाने हो भने त मलाई लाग्छ यो त एउटा कल्पना मत्रै हुन्छ यस अर्थमा यो बजेटले त्यो कुरा एकदमै अव्यवहारिक यहाँ देखिएको अवस्था छ र अर्को ५ वर्षभित्र जुन आम्दानि बढाउने कुरो छ २५०० अमेरिकी डलरको कुरो छ आधार खै जसरी पर्यटकहरु मानिलिउँ ३ वर्षमा यहाँ हाम्रो ईन्टरनेशनल एयरपोर्ट बन्यो  आए २० लाख पर्यटक यहाँ आएर लुम्बिनी गएर त हाम्लाई फाईदा छैन । ति पर्यटक त गाउँ गाउँ पस्नु पऱ्यो २० लाख पुऱ्याउनु पऱ्यो किनभने हाम्रो २४ लाखको जनसंख्यामा आधा जनसंख्या बराबर त पर्यटकै आउनु पर्ने अवस्था छ तर त्यसमा खै बोलेको देख्दिन म सभामुख महोदय, अर्कोतिर प्रतिव्यक्ती आय बढाउनलाई जो कार्यक्रमहरु आएका छन मैले हेर्दा खेरी आर्थिक करिडोरका रुपमा केही उल्लेख गरिएको छ । काली गण्डकी मरस्याङ्दी करिडोर विशेष आर्थिक क्षेत्र स्थापना भएको छ । सभामुख महोदय यो देशको अर्थतन्त्र राष्ट्रिय अर्थतन्त्रको ८० भाग नीजि व्यक्तिहरुले अर्थात नीजि पैसाले ओगटेको अवस्था छ त ति व्यवसायीहरु नीजि उद्यमीहरु नीजि क्षेत्रलाई सम्बोधन गर्ने बजेट कहाँ छ ? मलाई लाग्छ जबसम्म हामीले यस प्रदेशका नीजि क्षेत्रहरुलाई प्रोत्साहित गर्न सक्तैनौ उनिहरुलाई ल्याउन सक्तैनौ लगानी गराउन सक्तैनौ हामीले त्यो टारगेट प्राप्त गर्न सक्तैनौ यस अर्थमा मैले त्यतातिर यस्तो बजेटले सम्बोधन गरेको देखेको छैन । त्यस्तै अर्को पक्ष सभामुख महोदय, हुनत यो अर्थ यो बजेट माथिको छलफल हो र पनि मलाई के लाग्छ भने सामाजिक सुरक्षा एउटा यस्तो मुद्दा रह्यो जुन मुद्दालाई टेकेर अहिले वर्तमान सत्तामा रहेको हाम्रो गठबन्धन आको अवस्था छ । यो सामाजिक सुरक्षालाईनै भजाएर मैले पहिले पनि भनेको थिए मैले भनेको हैन खुद मुख्य मन्त्रीजीको आवाज अहिले पनि सुन्न सकिन्छ सञ्चार माध्यमहरुमा ति वृद्धवृद्धाहरु जो २ वर्ष ३ वर्ष भन्दा अब लाईफ छैन तिनले के सोचे भने ५ हजार रुपियाँ ठकरक्क मेरो पकेटमा आउँछ भनेर यो पाटिलाई भोट देका हुन । सभामुख महोदय, यलाई म एउडा राजनीतिक बेइमानीका रुपमा लिन चाहन्छु । सभामुख महोदय, किन भन्देखी त्यो कहि सम्बोधन गरिएको छैन केबल के भनियाथ्यो भने दिवा केन्द्र खाजा ख्वाउन ल्याउने अनि आश्रम स्थल गर्ने त्यो पनि कति कतिवटा बनाउनुहुन्छ थाहा छैन वहाँले भन्नुस यदि यही नै हो भने पनि यसपटक ५००, २००, ४०० सेन्टर हामी बनाउँछौ भनेर भन्न सक्नु पर्थ्यो भनेर खाली एउडा त्यस किसिमको यो गोलमटोल टाईपको यहाँ आको छ यो सरासर म भन्छु मलाई के भने यो प्रतिवद्धता भन्दा बाहिरको कुरो अर्को मैले देखिन या छैन खोजौ । सभामुख महोदय, सामाजिक सुरक्षावालामा धेरै छ अव्यवस्थित छ अपाङ्ग आदि इत्यादि छ सब भन्नुभाछ । कहिं

कहिं महिलाको पनि छ। तर महिलाहरुको लाई अहिले यो बजेटले के सम्बोधन गऱ्यो। ५१% महिला रहेको अझ हाम्रो प्रदेशमा त बढि छ शायद के छ मलाई लाग्दैन महिलालाई भनेर स्पेशल सम्बोधन केही गरेको अवस्था छैन त्यस भएको हुनाले अब यो यस अर्थमा आधा जनसंख्यालाई जसरी सम्बोधन गर्न सक्तैन अब त्यो बजेट कति व्यवहारिकता आफैमा प्रश्न छ। सभामुख महोदय, त्यस्तै हाम्रो देशको सबभन्दा ठूलो समस्या मध्ये एउडा समस्या तपाई हामीले जनताको बिचमा गएर जहिले पनि बाचा गरेको एउडा कुरो त्यो भनेको के हो भने भूमीहिनलाई जग्गा दिने कुरो अब यो नेपालमा यो संविधानले ग्यारेन्टि गरेको कुरो छ कोही पनि व्यक्ति बिना लालपूर्जा बस्न पाउँदैन कोही पनि व्यक्ति बिना घर बस्न पाउँदैन तर तिनको विषयमा केही बोलिएको छ ? केही बोलिएको छैन सभामुख महोदय, त्यहाँ यति मत्रै के भनियाछ भन्देखि अति विपन्न, सिमान्तकृत, भूमिहिन, सुकुम्बासीको शशक्तिकरण र सामाजिक संरचना त्यो के हो सभामुख महोदय, बस्नी ठाउँ छैन मेरो बस्नी घर छैन मेरो मलाई कसरी शशक्ति गर्नुहुन्छ यस अर्थमा यो बजेटले त्यो वर्गलाई सम्बोधन गरेकै छैन। र अर्को सभामुख महोदय, फेरी म धन्यवाद दिन्छु किनभने मेरो जिल्लाको पनि एउटा गाउँपालिकालाई समेटेर जस्तो गोरखाको भर्चि चुमरुङ चुमढुङरी नवलपुरको हुप्सेकोट बाग्लुङको ढोरपाटनलाई विशेष क्षेत्र भनेर एउटा शुरुवात आको छ त्यो चिजलाई म धन्यवाद दिन चाहन्छु। तर मेरो कहाँनेर छ भने मैले पहिला पनि भनेको थिए यो प्रदेश निर्माण हुदै गर्दा यो प्रदेश निर्माण हुदै गर्दा खेरी ठूलो एउटा समस्याको रुपमा रहेको थियो कि यो प्रदेशको जनसंख्याको हिसाबले १०७ नै १.७ भएका थारु जातीहरु उनिहरु थरुहट चाहन्छन। त्यो ५ नम्बर प्रदेशमा परेको भूभागबाट रहेका थारु जातीहरुको एउडा अलग क्लष्टर छ। उनिहरुले स्पेशल ट्रिट प्रदेशबाट चाहन्छ राज्यबाट चाहन्छ। र हामी चाहन्छौ यलाई संविधान उल्लिख रुपमा यसलाई विशेष क्षेत्र घोषणा होस भन्ने हाम्रो मान्यता हो। यति हुदाँ हुदै पनि प्रदेश सरकारले पनि जसरी क्लष्टर तिन चारवटा गाउँपालिकामा गरेको थियो त्यसरी त्यो क्लष्टरलाई पनि विशेष क्षेत्रमा लानु पर्छ पर्थ्यो भन्ने मेरो मान्यता छ र अर्को सभामुख महोदय, हामी भन्छौ ४०% शक्ति यहाँको युवा छ संसारको कुनै पनि देशमा शायद ४०% युवा छैन यो भएको देश हाम्रो हो त्यो मध्ये हाम्रो यो प्रदेश आज ति युवाहरुलाई के कार्यक्रम ल्याउनु भाको छ म प्रश्न गर्न चाहन्छु सभामुख महोदय, मार्फत आज के छ भन्दाखेरी दुइटा देखे सभामुख महोदय, एउटा के भने युवालाई युवा लक्षित चुनौति कोष भनेर एउटा कोष खडा गरिएको छ अर्को प्रदेश प्रमुख स्वयंसेवा कार्यक्रम भनिएको छ त्यो त अझ क्लियर छैन। सभामुख महोदय, नैतिकवान चरित्रवान बनाउने एउडा पाटो हो। धन्यवाद तर हाम्रा युवाहरुलाई रोजगारीको ग्यारेन्टी कहाँ भको थियो। यो प्रदेशले कमसेकम यहाँका युवाहरुलाई यो यो ग्यारेन्टि गऱ्यो

भनेर उदघोष गर्न पाको भए सभामुख महोदय, सरकारको मत्रै हैन हामी प्रतिपक्षको पनि शिर ठाडो हुन्थ्यो । तर त्यो तर्फ यहाँ कहीँ केही देखिएको छैन सभामुख महोदय, त्यस्तै अर्को सभामुख महोदय, मलाई के लायो भने बडा म धन्यवाद दिन चाहन्छु । वहाँको इन्टेन्सनलाई म शंका गर्दिन तर उज्यालो गाउँ २ वर्ष भित्र संपूर्ण पुरा गर्ने भनिएको छ मलाई लाग्छ अहिले जो बजेट बिस्तारित भाको छ वितरित भाको छ विनियोजित भाको छ त्यो शैलिले २ वर्ष भित्र यहाँ सपको घरमा बिजुली पुग्छ सभामुख महोदय, त्यस भएको हुनाले म के भन्छु भन्देखी बिगतको प्रि बजेटमा हामीले कति खर्च गर्न सक्यौ जम्मा ७% गऱ्या रैछौ केही त छुट्टाइयाथ्यो र अहिलेको बजेट अर्को ठुलो कुरो के छ भने हामीले खर्च गर्न सक्छौ त यति पनि त्यो किन सक्छौ त भनेर प्रश्न गरिराछु भने अहिलेको जुन क्षमता छ सरकारको जुन मेशिनरी छ तेले समयमा त्यो बजेट पुरा गर्ला भन्ने मलाई लाग्दैन यदि म गलत छैन भने एउडा मिडियाले लेखेको पनि थियो माननीय अर्थ मन्त्रीजीले कहीं मिडियाको बिचमा जादै गर्दा हैन ७०% जति त गर्न सकिन्छ वहाँ अहिले पनि कन्फिडेन्ट नभाको एक्सप्रेस आको छ । यदी यो हो भने सच्चाई वहाँले स्वीकार्नुभाको हो हैन यस तर्फ पनि मलाई लाग्छ यो बजेट क्लियर छैन र यिनि कुराहरु राख्दै सभामुख महोदय, यति भन्दै गर्दा पनि हामी प्रतिपक्षको तर्फबाट म फेरी पनि शुभकामना दिन चाहन्छु अझै पनि त्यो बजेट रेडबुक आउदै गर्दा कमसेकम सबैले स्वीकार्य भएर आवोस यिनै कुराहरु राख्दै बिदा हुन चाहन्छु । धन्यवाद ।

## माननीय सभामुखज्यु

माननीय श्री रामजी प्रसाद बराल जिबनलाई छलफलमा भाग लिन समय दिन्छु समय दिन्छु । समय १० मिनेट ।

## माननीय श्री रामजि प्रसाद बराल जिबन

माननीय सभामुख महोदय, यो सम्मानित सदनमा ०७५।०७६को बजेट प्रस्तुत भएको छ । तो प्रस्तुत बजेटको सन्दर्भमा हामी छलफलको प्रकृयामा छौ । एकात्मक सामन्ती राजतन्त्रका विरुद्धको लडाइमा प्रत्यक्ष अप्रत्यक्ष नेतृत्व प्रदान गर्नुहुने राजनैतिक अग्रज प्रति सम्मान एवं जनयुद्ध लगायतका आन्दोलनहरु र अमरत्व प्राप्त गर्नुहुने महान शहिद बेपत्ता योद्धा घाइते अपाङ्ग प्रति विशेष स्मरण इतिहासमा इतिहासलाई कदर र सम्मान सहित ओजिकृत गरिएकोमा अर्थ मन्त्री र सिङ्गै सरकार प्रति विशेष हिसाबले धन्यवाद दिन चाहन्छु । साथसाथै

बजेट सिद्दान्त र प्राथमिकतामा आधारित छ नीति कार्यक्रममा आधारित छ नीति र कार्यक्रमको आलोकमा यो बजेट आएको छ । यो बजेटको सुन्दर पक्ष समाजवाद उन्मुख अर्थतन्त्रको जग आधारशिला स्थानीय तहलाई सम्बोधन गर्ने बलियो बनाउने समृद्ध तुल्याउने नीतिलाई गहिरोसंग आत्मसात गरिएको छ यो बहुत सुन्दर पक्ष हो । साथसाथै यो बजेटले आफ्नो अधिकार सूचि र वर्तमानमा आफ्नो हैसियत र क्षमताको सचेततापूर्वक हेक्का राखेको देखिन्छ । हावामा होईन यो साच्चै जमिनमा टेकेको छ । बुदाँ नम्बर १३ मा समृद्धिको आधार ५ विषयलाई इन्जिन मानिएको कुरा वस्तुवादी छ । बुदा नम्बर २२ मा उच्च प्राथमिकता दिईएका ८ वटा विषयलाई हाईलाईट गरिएको हाईलाईट गरिएको छ । समग्र प्रदेशको सन्तुलित विकास र समृद्धि अन्तरनिहित भएको गहिरो अनुभूति हुन्छ । स्थानीय तहसंग सह लगानी गर्ने ८ वटा विषय बुदा नम्बर २५ मा परिभाषित गरिएको छ चुनौतिपूर्ण छ । यद्यपी सत्तापक्ष र प्रतिपक्ष एक ढिक्का भएर लाग्न सक्ता कोशे ढुङ्गा सावित हुने देखिन्छ पालिकाको केन्द्र जोड्ने र निर्वाचन क्षेत्रको एक स्तरिय सडक कार्यक्रममा २ अर्ब ८२ करोड २५ लाख विनियोजन प्रस्ताव प्रशंसनिय छ । निर्वाचन क्षेत्रमा अझै थप १ करोड बढाउन सक्ता खेरी अथवा सम्बोधन गर्न सक्ता खेरी सांसदहरुको गरिमा बढने हुदाँ म जोडदार माग पनि गर्न चाहन्छु । त्यसै गरि प्रदेशका गौरबका योजनाहरु द्रुतमार्ग, करिडोर, लोकमार्ग, चक्रपथ, अन्तराष्ट्रिय सम्मेलन केन्द्र, विशेष क्षेत्र घोषणा, गुणमापन प्रयोगशाला, फेवाताल संरक्षण र सौन्दर्यकरण जस्ता विषयले प्रदेशका जनताले सुख नजिकै आएको अनुभूति गर्ने जस्तो देखिन्छ । केबलकार, अन्तराष्ट्रिय स्तरको फिलिम सुटिङ, होमस्टे, मनोरेल, शाहशिक खेल, हवाई सम्पर्क, अतिथि देवो भव जस्ता विषय बारे पर्यटक भित्राउनका लागी लक्षित संख्या असम्भव भन्न सुहाउदैनकी यद्यपि पूर्वाधार निर्माणमा युद्ध स्तरमा जोड दिन जरुरी छ । कृषी तर्फ पकेट क्षेत्र कृषी पाठशाला अब हुन्न जमिन बाझो मोडेल फर्म मुख्य मन्त्री नमुना कृषी गाउँ शित भण्डार बधशाला दुई ठाउँमा विषादि चेक गर्ने प्रयोगशाला कृषी अनुसन्धान आदी जस्ता विषयले कृषी अनुदान आदी जस्ता विषयले युवाहरुमा कृषी पेशा प्रति जागँर पलाउने देखिन्छ । साईत यो युवाहरुको रोजगारीको व्यवस्था पनि यसैबाट हुन्छ होला संगसंगै २ वर्ष भित्र खानेपानी बालमैत्री शहर हाइवे हाइवे अस्पताल २५,५० हजार शैयाको अस्पताल जेष्ठ नागरिक आश्रय स्थल दिवा सेवा केन्द्र फोहोर मैलालाई मोहरमा प्रदेश प्रमुख स्वंयम सेवा बहु उपयोगिय खेल मैदान जस्ता विषयले यो सरकार जनमुखी जनउत्तरदायी छ भन्न कनकन गर्न पर्ने जस्तो लाग्दैन । भाषा संस्कृतिको संरक्षण संगसंगै शुसासन जस्ता विषयहरु पनि निकै महत्वपूर्ण छन । समग्रमा बजेट अनुत्पादक वितरणमूखी छैन साच्चै यो विकासमूखी छ । म पूर्ण रुपमा समर्थन गर्न चाहन्छु । प्रशंशा गर्न चाहन्छु । सुझावको हिसाबले २५ शैयाको अस्पताल संगसंगै २ वटा

अत्याधुनिक अर्थात आधुनिक एम्बुलेन्स राख्न सक्ता खेरी जहाँ सहज यातायात नभएको ठाउँ छ वस्ती छ तेलाई ठुलै राहत हुन्थ्यो होला भन्ने लागेको छ । बुदा नम्बर २१ मा भोकमरी भनेको ठाउँमा असन्तुलित विकास भन्न सही होला ४ नम्बर प्रदेशमा चर्कै भोकमरी समस्या होइनकी भन्ने मलाई अनुभूति भको छ बरु असन्तुलित विकास चाहीँ हो । यसर्थ असन्तुलित विकास भन्ने शब्द राख्ता राम्रो हुन्छकी भन्ने मेरो सुझाव रहेको छ । पुम्दीकोटको माहादेव मण्डला छुट्टाउँदा माहादेवले श्राप दिए भने के होला यसमा पनि गहिरो संग ध्यान जावोस भन्न चाहन्छु । नीति कार्यक्रमको ६४ नम्बर अबमा युवा स्वरोजगार छ तर बजेटमा कता लुकेच कुन्नि त्यो युवा स्वरो स्वरोजगार भन्ने अलि देखिएन । यो यसो देखाईदिनका निम्ति अनुरोध गर्न चाहन्छु । साथै बिजयपुर खोलामा कलात्मक पुलले फुरुङ्ग भएको मन पृथ्विचोकको पुलको जामले खप्पर तात्ने गरी अत्यास लाग्ने त होइन यसमा पनि अलिकति सोच्न पर्छ की भन्ने लागीरहेको छ साच्चै सुकुम्बासीलाई व्यवस्थित गर्ने सन्दर्भमा ठोस र मुर्त रुपमा विषय आउन आवश्यक छ । यद्यपि सुकुम्बासी भूमीहिनको सन्दर्भमा केही न केही बोल्न खोजिएको जस्तो त लाग्छ तैपनि हाम्रो प्रदेशको समस्या सुकुम्बासी समस्या पनि चर्कै समस्या हो यो समस्यालाई तन्काउदै गईयो भने अझै समस्या आउन सक्छ यसर्थ सुकुम्बासीको समस्यालाई ठोस र मूर्त रुपमा हल गर्ने हिसाबले सोच्न आवश्यक छ भन्ने अब मैले सुझाव दिन चाहे साथसाथै अब रातो किताबमा योजनाहरु कसरी आउँछन् अथवा विनियोजन कसरी गरिएको छ हामी सपै विश्वस्त छौ म पनि विश्वस्त छु । स्वभाविक रुपमा हामी भरखरै सिक्ने प्रकृयामा छौ । हाम्रा अनुभवहरु हाम्रा अनुभूतिहरु हाम्रा सिर्जनशिलताहरु हाम्रा दक्षताहरु खारिएका छैनन साच्चै हामीले हाम्रा दक्षताहरु हाम्रा खुपी क्षमताहरुलाई क्रमश खारदै लाग्ने सन्दर्भमा हामी एकले अर्कोलाई करेक्शन गर्ने एकले अर्कालाई रचनात्मक सहयोग गर्ने ढङ्गले जान आवश्यक छ । अर्थमन्त्रीले भनिनैसक्नुभएको छ साच्चै यो बजेट भनेको ४ नम्बर प्रदेशका जनताको बजेट हो यो सत्ता पक्षको प्रतिपक्षको भन्ने मात्रै होईन यसर्थ ४ नम्बर प्रदेशका जनता प्रति हामी जवाफदेही छौ । उत्तरदायी छौ यसर्थ ४ नम्बर प्रदेशका जनताको हितको निम्ति वास्तविक सपनाहरुलाई साकार तुल्याउनका निम्ति हामी सत्ता पक्ष प्रतिपक्षको बीचमा साच्चै मतभेद होईन बैमन्यस्यता होइन असाध्यै सिर्जनशिल प्रकारको एकताको जरुरी छ त्यो एकता हामीले कायम गर्दै आएका पनि छौ हामी मनग्य बहस गरौ मनग्य छलफल गरौ तर निष्कर्षमा साच्चै हामी एकतावद्ध हिसाबले पुगौ यसो गर्न सक्ता खेरी साईत हामीले देखेका सपना र नेपाली के रे ४ नम्बर प्रदेशका जनताले गरेको अपेक्षा विगतका आन्दोलनहरुको लक्ष्य उद्देश्यलाई पनि सम्बोधन गर्न सकिने स्थिती हुन्छ भन्ने मैले ठानेको छु र हामी प्रारम्भिक अवस्थामा छौ । साच्चै यो प्रारम्भिक अवस्थामा जसरी बजेट यहाँ प्रस्तुत भएको छ यो सराहनिय छ र

यसलाई समृद्ध तुल्याउने दायित्व हामी सपैको हो भन्ने अपिल गर्दै अनुरोध गर्दै मेरा भनाईहरुको विट यहिनेर मार्न चाहन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री पियारी थापालाई छलफलमा भाग लिन समय दिन्छु समय ५ मिनेट

## माननीय श्री पियारी थापा

माननीय सभामुख महोदय, आज आर्थिक वर्ष २०७५।०७६ को बजेट वक्तव्यमा छलफलको क्रममा रहिरहेका छौं । सरकारले ल्याएको बजेटमा कतिपय सकारात्मक कुराहरु छन त्यसलाई समर्थन गर्दै कतिपय यस्ता कुराहरु छन जसलाई आकार वृद्धि गर्नुपर्नि र कतिपय यस्ता कुराहरु छन जसलाई आकार निश्चित गर्नुपर्ने मैले महशुश गरेको छु र सरकारले यस भित्र संपूर्ण क्षेत्रलाई समान रुपमा समेटन नसक्नु कमजोर पक्ष रहेको छ जस्तो मलाई लाग्दैछ सरसर्ति हेर्दा कतै यो पोखराको बजेट वक्तव्य त होईन भन्ने आशंका पनि पैदा नभएका होईनन् । सरकारले ठुला ठुला लगानीका योजनाहरुलाई राजधानी केन्द्रित गर्नुले पनि आशंकाको दर बढाएको हो भन्ने मैले महशुश गरेको छु । मेरो विचारमा पोखरामा आधुनिक शहरिकरणको विस्तार हुदाँ हामी ति दुर दराज भित्र अहिले वर्षा पनि लाग्दैछ त्यस त्यसकारण खरको छानोबाट तपतप चुहिएको पानीलाई रोक्न सक्ने योजनाहरु कार्यक्रमहरु ति क्षेत्रमा पुग्छन कि पुग्दैनन् भन्ने सवाल यहाँनेर रहेको छ । त्यसै गरी स्मार्ट सिटी बनिरहदा भूकम्प पिडित, बाढी पिडित तथा अन्य  प्रकृतिकजन्य विपत्तिबाट घरबार विहिन जनताहरुलाई एकिकृत आवासका लागी बस्नको लागी बास खानको लागी गास र लाउनको लागी कपासको जोहो गर्न सक्छौ कि सक्दैनौ यहाँनेर समस्या यो यहाँनिर गम्भिर प्रश्न रहिरहेको छ किनकी रियालिटि त यहाँनिर छ नि यो वक्तव्य एउटा ड्राफ्ट हो भन्ने मैले बुझेको छु । शायद शिर्षकवाइज योजना समावेश भएर आएको पुस्तक पक्कै आउला त्यस बाहेक ज्ञात हुन पाए छलफल अझ सुमधुर हुने थियो । खेद त्यसका लागि पनि आफ्नै कार्यविधिहरु रहेका होलान । शिक्षा, स्वास्थ्य, खानेपानी, पूर्वाधार विकास जस्ता आधारभूत आवश्यकतामा राज्यको ठूलो लगानी चाहिन्छ मलाई लाग्छ राज्य नाफा कमाउ आशयबाट होईन कल्याणकारी तवरले आउनु पर्छ यसका लागि राज्यको लगानि नियन्त्रण मूल्याङ्कन आवश्यक छ त्यस भित्र सामुदायिक विद्यालयलाई राम्रैसंग सम्बोधन गरिएको छ तर पनि त्यसको त्यस्ता कार्यक्रमहरु एकमुष्ठ होईन ठोस रुपमा कार्य क्षेत्रमा विभाजन गरेर आएको भए अझ बढी प्रभावकारी हुने थियो सरकारले सम्भाव्यता अध्ययन मैले जुन रकम

विनियोजन गरेको छ वास्तवमा त्यो राख्न हुन्न भन्ने मेरो मान्यता छ किनकी यसले वास्तवमा चिटिङ निम्त्याउँछ । यसलाई निर्माण कार्य गर्नका लागि विनियोजित गरियोस भन्ने म म सुझाव दिन चाहन्छु र फेवातालको बारेमा धेरै विद्धानहरुले जाइकाले प्रतिवेदन निकालेको र त्यो प्रतिवेदनमा सरकारले प्रारम्भिक अध्ययन गरी त्यही अनुरुप काम गर्न राम्रो हुन सक्ने सुझाई रहेका छन । यता यदि यदि त्यस्तो हो भने सरकारले जाईकाले दिएको प्रतिवेदनलाई डिपिआरलाई कार्यान्वयन गरेर कार्यविधि तयार पार्ने पो होकी यसतिर गम्भिर ध्यान पुवोस भन्ने पनि म चाहन्छु र सामाजिक सुरक्षाका लागि जेष्ठ नागरिकहरुलाई सम्मान गर्न सम्मान गर्नि प्रावधानलाई आश्रय स्थल बनाउने मा सिमित होइन सामाजिक सुरक्षा भत्ता वृद्धि गर्दै वहाँहरुलाई सम्मानपूर्वक बाच्नुपर्ने वातावरणको सिर्जना गर्नुपर्ने सरकारलाई म अनुरोध गर्न चाहन्छु र महिलाहरुलाई महिला उद्यमीहरुलाई विशेष सहायता फण्ड आवश्यकता रहेको छ यसलाई पनि सरकारले ध्यान दिन जरुरी छ । महिलाहरुलाई आर्थिक रुपमा अगाडी ल्याउनका लागी महिला विकास कोषको आजको टडकारो आवश्यकता हो । यति भन्दै मेरा दुई चार शब्दहरु यही टुङ्गयाउने अनुमति चाहन्छु । हस त धन्यवाद ।

## माननीय सभामुखज्यु

माननीय श्री हरिशरण आचार्यलाई छलफलमा भाग लिन समय दिन्छु। समय १० मिनेट ।

## माननीय श्री हरिशरण आचार्य

माननीय सभामुखज्यु, हामी अर्थ मन्त्रीज्युले पेश गर्नुभएको बजेट वक्तव्यको विषयमा हामी छलफल गर्दै जादाँ हामीलाई सब भन्दा अगाडी लागेको कुरा के हो भने मूलरुपमा हामी संघियताको एउटा नयाँ मोडेलमा हामी छौं । त्यो संघियताको मोडेलमा हामी जादै गर्दा हामी कति सम्मानित हुन सक्छौं ? अर्थ मन्त्रीजीले भन्दै गरेको समन्यायिक विषय वस्तु हामी त्यो कुरालाई कति कार्यान्वयन गर्न सक्छौं यो मुल विषय वस्तु बनेको छ र मलाई लाग्छ हामी

संघियताको मूल विषय वस्तुलाई संघले त हामीलाई अन्याय गऱ्यो गऱ्यो र त्यो माथी फेरी समन्यायिकको परिभाषामा हामी अपमानित भयौ यो कुरा निश्चित हो साच्चै के संघियताको मोडेल यही हो हामी त्यो खोज्न चाहन्छौ । त्यसैले सरकारले त्यो समन्यायिक विषय वस्तु यि टाउँकाहरुमा पनि हामीले सोचोस म विशेष अनुरोध गर्न चाहन्छु यी टाउँकाहरुको मूल्य आफ्नै प्रकारको छ । यी टाउँकाहरु त्यही रुपमा जुन रुपमा यो संसदममा पेश भईराखेका छन आज यी टाउकाहरुको मूल्यलाई साच्चै ठिक ढङ्गले समन्यायिक ढङ्गले

चाहीँ सरकारले सोचोस म आग्रह गर्न चाहन्छु । दोश्रो कुरा हामी बजेटका धेरै सकारात्मक पक्षहरु छन । यो भित्र सकारात्मक पक्ष हुदाँ हुदैँ पनि यसका धेरै पक्षहरु के छन भने यसको शंका र नकारात्मक घेराभित्र टिप्पणी गर्न लायकका छन् । म अनुभूत गरिराखेको छु कि यो बजेटमा अधिकांश शिर्षकहरु अध्ययन र सम्भाव्यताका विषय वस्तुहरुमा केन्द्रित छन् ।

अध्ययन र सम्भाव्यताका विषय वस्तुहरुले हामीलाई कुनै पनि व्यक्ति चाहे जो सुकै सरकारमा त्यो सरकारमा बसोस म आफै त्यो सरकारमा बस्दा खेरी पनि मलाई सबैले शंका गर्ने लायक बन्छ । यो कुरा निश्चित हो त्यसैले सरकारले त्यसलाई कार्यान्वयनको रुपमा शंकाको घेरा भन्दा माथि उठेर सबैले सोच्न सक्ने एउटा आधार तयार गर्नका निमित्त अनुरोध गर्न चाहन्छु र हामीले साच्चै तो तो दिशातिर जान सक्यो भने भ्रष्ट्राचारलाई रोक्नका निमित्त सून्य शहनशिलतालाई सरकारले लागू गरेको ठहर्छ होइन भने एक वर्ष भित्रमा सरकार सबैले गुणगान गर्न लायकको भ्रष्ट्राचारको रुपमा सामेल हुने कुरा निश्चित छ । साच्चै हामी यो प्रदेशमा सेवा र कार्य जो संघबाट हस्तानान्तरण गर्न पर्ने कुरा हो सरकार अगाडी बढोस हामी साथ दिन तयार छौ केन्द्रले जुन ढङ्गले हस्तानान्तरण गर्ने प्रक्रिया र विधि जुन ढङ्गले ढिलाई गरिराखेको छ त्यो कुरामा प्रदेश सरकारले निर्णय गरोस हामी तो दिन साथ दिन तयार छौ तर प्रदेश सरकार न्युरीमुन्टी लगाएर अनि त्यस पछाडी केन्द्रले कतिबेला दिन्छ भनेर भिख माग्ने खालको बन्यो भने यो निश्चित रुपमा यो कार्यान्वयन कहिल्यै हुने छैन ।

प्रदेश सरकारको सुखी नेपाली र समृद्ध नेपालको कुरा कल्पनामा मात्रै सावित हुने छ । मलाई लाग्छ यो विषय वस्तु विशेष महत्वपूर्ण छ र अर्को कुरा शशर्त अनुदानको जुन रकम छ सरकारले कार्यक्रम बनाएको छैन शायद त्यो कार्यक्रम कसरी आउँछ त्यो कुराले निश्चित गर्ने
छ कार्यक्रम बनाए पछि मात्रै हामीले धेरै टिप्पणी गर्न लायक पनि बन्ला तर अहिले सम्म हेर्दा खेरी त्यो शशर्त अनुदानको जुन रकम छ एकमुष्ठ योजनामा राखिएको छ तर त्यो कसरी कार्यान्वयन हुन्छ थाहा छैन त्यसैले यसमा धेरै शंका गर्न मिल्ने ठाउँहरु छन र धेरै अमूर्त र अस्पष्ट योजनाहरु जुन बनिराखेका छन यसलाई आवश्यकता भन्दा पनि आफ्नो अनुकुलतामा स्वेच्छाचारी बन्न सक्ने खतरा मैले यो बजेटमा देखेको छु त्यसैले यो बजेटमा स्वेच्छाचारिता भन्दा माथि उठेर सरकारले आफ्ना कामकारवाहीलाई अगाडी बढाउनका निम्ति विशेष अनुरोध गर्न चाहन्छु  र हामी पोखरा, भिमाद, डेढगाउँ, दुम्कीबास जुन सडक भनिएको छ अर्को त्रिवेणी जोडने छुट्टै योजना बनाईएको छ तेलाई एउटै योजना जुन प्रदेश

गौरबको योजनामा राखेर एकमुष्ठ योजनामा केन्द्रित गर्न म अनुरोध गर्न चाहन्छु । किनभने त्यो दुइटा योजना खण्डित गर्न जरुरी छैन किनभने मैले अनुभूत गरिराखेको छु त्यो नजिक नजिक पर्छ एकै ठाउँमा एकिकृत गरेर चाहीँ त्यसको प्रदेश गौरबको योजना भित्र केन्द्रित गर्दा खेरी एकैचोटी नाका खोल्ने संभावना रहन्छ यसमा म अनुरोध गर्न चाहन्छु । दोश्रो कुरा जो अरु सडकका अब प्रदेशको गौरबका योजनाहरु जति रहेका छन ति सबै अस्पष्टताको मतलब घेराभित्र रहेका छन । मैले त्यसलाई मैले यो एउटा मात्रै योजना अलि स्पष्ट देखे अरु अब मतलब कोराला नाकाबाट पोखरा आउने कुरा त यो स्पष्टै छ तर अरु सडकका जुन प्रदेश गौरबका योजनाहरु छन त्यो अलि अस्पष्ट र अलि घुलित प्रकारका छन ति अघुलित प्रकारको बनाउन म अनुरोध गर्न चाहन्छु र प्रदेश भित्रको प्रमुख लोकमार्गहरु जो ४ ल्याण्डमा त्यो सडकको रुपमा बनाउनलाई हामीले तेलाई किटानी गरेर लेखिदिदा राम्रो हुन्थ्यो सरकार यो कुरामा किटानी गर्न किन अल्मल्याईएको छ मैले त्यतातिर अलि ईङ्गित गर्न चाहे र जो गोरखाको चुमलुङ्री र धार्चेलाई छुट्टा छुट्टै शिर्षक बनाएर अगाडी बढाउनु पर्छ भन्ने मलाई लागिराखेको छ किन भने त्यो संगैसंगै अब एक ठाउँमा राखिएको छ एउटै शिर्षकमा होइन तो छुट्टाछुट्टै हुन् । त्यसको अर्थ र महत्व त्यसको छुट्टाछुट्टै छ त्यसो भएर त्यसलाई अलि छुट्टाछुट्टै ढङ्गले शिर्षकमा राखेर बजेट विनियोजन गरियोस म आग्रह गर्न चाहन्छु र जो स्मार्ट सिटीको भन्ने कुरा गरिराखिएको छ त्यसलाई स्मार्ट रुपमा मतलव प्लानिङ पनि स्मार्ट बनाउनु पर्‍यो प्लानिङमा हामी स्मार्ट नबनाउने अनि स्मार्ट सिटीको कल्पना मात्रै गर्ने मतलब यस्तो खालको बनिराखेको छ यसलाई म अनुरोध गर्न चाहन्छु र अर्को कुरा जो स्मार्ट सिटी र सांस्कृतिक शहरहरु शहरको कुरा अहिले सम्म पनि अब चाहीँ भन्नका लागि भनिएको छ । एजेण्डा चाहीँ बनिएको छ तर त्यो एजेण्डालाई कार्यान्वयन गर्ने त्यसको स्पष्ट आधार बनेको छैन । मैले तो अनुभुत गरिराखेको छु । भौगोलिक रुपमा सुगम भनिएका ठाउँहरुमा अहिले पनि एनटिसीका टावरहरुले कुनै पनि ठाउँ कतिपय ठाउँमा मोबाइल यस्तो छ नगरपालिकाहरुका त्यो ठाउँहरु छन एनटिसीको टावरले काम गरीराखेको छैन सुचना संचारको संजाललाई व्यवस्थित गर्नका निमित्त सरकारले अलि उपयुक्त ध्यान दिओस म आग्रह गर्न चाहन्छु र अर्को कुरा जो टेलीभिजन र रेडियोको कुरा प्रदेशले अलि केन्द्र भागमा राखेर सोचे जस्तो मैले अनुभुत गरिराखेको छु । यो नीजि क्षेत्रलाई दिए हुन्छ । नीजि क्षेत्रका साथीहरु सबभन्दा अगाडी बढेर त्यसमा लगानी गर्न पनि तयार छन मिडिया सेक्टरलाई स्वतन्त्र बनाईयोस म आग्रह गर्न चाहन्छु र पर्यटनको विषय वस्तुमा सरकार कहाँनेर अलमलिएको छ म अहिले मैले बुझ्न सकेको छैन कि प्राथमिकता कुन विषय वस्तु हो । कम्तिमा एक जिल्ला एक प्राथमिकताको योजना बनाएर त्यसको पर्यटन केन्द्र कुन हो प्रत्येक

जिल्लाहरुको पर्यटन केन्द्र कुन हो त्यो कुरालाई चाहीँ मतलब सरकारले निश्चित गर्न सकिराखेको छैन यदि यो निश्चित गर्न सकिएन भने पर्यटनलाई पूर्वाधारको केन्द्र विन्दु बनाएर अथवा पर्यटनलाई हाम्रो प्रदेशको मुख्य आधार बनाउने जुन कुरा छ यो सरकार चुक्ने कुरा निश्चित छ ।

जो क्यानोपिवागको कुरा जुन छ मैले उल्ले मैले हेरे क्यानोपिवाग साच्चै अब यो भन्ने हो भने हामी त अलि बढी अब यो सानो यो भूगोल भूगोलमा हामी अब यो शिर्षक हेर्दा खेरी मैले क्यानोपिवाग यति राम्रो मतलव फेवातालको एउटा सुन्दरताको यो बिचमा क्यानोपिवाग त्यति संभव देखेको छैन । किनभने क्यानोपिवागले अलि ठूलो भूगोललाई कभरेज गर्छ अनि त्यस पछाडी त्यसको त्यसको एउडा रियल एडभेन्चर रोगको एउडा विषयवस्तु पनि हुन्छ यी सबै विषयवस्तुहरुलाई अलिकति हामीले ठोस रुपमा प्लानिङ गर्ने कुरामा अलि ध्यान जाओस मैले यसलाई अलिकति पुनर्विचार गर्नका निम्ति म आग्रह गर्न चाहन्छु किनकी यो त सबै भन्दा ठाउँ राम्रो भनेको ढोरपाटन हो । मैले देखेको कुरा किनभने त्यसलाई अलि उपयुक्त ठाउँ जो बन्यजन्तु आरक्षणहरु अनि त्यस पछाडी गएर कतिपय आरक्षणका ठाउँहरु ति मुख्य बन्छन भन्ने मैले अनुभुत गरिराखेको छु र जस्तो यो लिचिको गोरखाको च्यान मतलब पालुङटारको सात आठ छ सात आठ तिनटा वडामा ७ करोड देखी १० करोड सम्मको लिचि बिक्रि हुन्छ । प्रति वर्ष आज तो ठाउँलाई पकेट एरिया बनाउने कुरा छुटाईएको छ म अनुरोध गर्न चाहन्छु किनभने यो ठाउँ लिचिका निमित्त पकेट एरिया हो आद्योगिक क्षेत्र निर्माण गर्ने एउटा स्थल पनि हो । तो औद्योगिक क्षेत्र निर्माण गर्ने ठाउँमा एउटा स्पेशल नेपालको टप वान प्लान मतलब टप मोस्ट हो मतलब जुस फ्याक्ट्रि बन्ने सम्भावना छ त्यसलाई हामीले कम्तिमा त्यसको पूर्वाधार बनाउनका निम्ति म अनुरोध गर्न चाहन्छु र अन्त्यमा हामी सिंचाईको विषय वस्तु मैले देखिराखेको छु । सरकारले फस्ट प्रायोरिटि दिएर सिंचाइको विषय वस्तुलाई जुन जाने योजना बनाई राखेको छ साच्चै कृषीमा उत्पादन बढाउने हो भने मुख्य कुरा के हुन्छ भने यदि पहिलो कुरा हामी त्यसलाई पकेट एरिया घोषणा गरौ घोषणा गरिसके पछाडी प्राविधिक र सह प्राविधिक त्यहाँ एउटा अफिसियल रुपमा नियुक्ति गरौ अनि मल, बिउँ, बिरुवा, किटनाशक औषधिहरुलाई तेलाई व्यवस्थित गरौ तालिमको व्यवस्था गरौ अनि सिंचाईको व्यवस्था गरेपछि यो भएपछि बल्ल उत्पादन बढछ उत्पादन बढेपछि बल्ल बजारको कुरा आउँछ । हामी तो संगसंगै बजारको व्यवस्थापनको कुरा गरौ अनि बल्ल अब हामी हामी त के भयौ भने हामी सिंचाई छैन ।

अहिले साच्चै भन्नुहुन्छ भने गोरखाका ठूला ठूला टावरहरु छन शायद अन्त पनि होलान मर्स्याङदी दरौदी अनि त्यस पछाडी गएर मादीका  धेरै किनारहरुमा ठुल्ठुला टावर र फाटँहरु छन ति सबै ठाउँमा आद्यौगिक रुपमा के रे कृषीजन्य वस्तुहरुमा उत्पादन वृद्धि गर्नका निमित्त उत्पादन वृद्धि अहिले मैले यो प्राङ्गारिक कुरा जुन गरिराख्नुभाछ यो कोरा कल्पनाको कुरा हो अहिले तत्काल अहिले उत्पादन बढाउने कुरा ल्याउनुस उत्पादन बढेकै छैन हामी अहिले सब भन्दा ठूलो कुरा उत्पादन बढाउने तिर नजाने अनि तो त मतलब सौखिनताको कुरा हो म अहिले भन्छु होला त्यो स्वास्थ्यसंग सम्बन्धित विषय वस्तु होला तर त्यो अन्तिममा हामी तेलाई मान्छे पहिलो कुरा बाच्नका निमित्त चाहियो बाच्ने पछाडी बल्ल स्वास्थ्यको कुरा चाहियो । मान्छे पहिलो कुरा बाच्नका निमित्त उत्पादन बढाउँ उत्पादन बढाई सके पछाडी बल्ल अर्गानिक र प्राङ्गारिक कुरा गरौ त्यस भएर उत्पादनको कमी छ उत्पादन बढाउने तिर गएर त्यसको बजार व्यवस्थापन गर्ने तिर राज्यले ठिक ढङ्गले सोचोस म आग्रह गर्न चाहन्छु र विशेष गरी यिनै विषयवस्तु राख्तै मैले  यो बजेट मैले नापेर हेरे एकापट्टि फलामको टुक्रालाई जोखे अर्को पट्टि रुइको चाहीँ मतलब चाहीँ राखे अनि राख्ताखेरी दुईटैलाई (सभामुख- समय सकियो) जोख्ताखेरी मैले के पाए भने त्यसको वेट त बराबर होला तर त्यसको आयतन फरक पाए । त्यसैले यो बजेटलाई मैले रुइको आयतनसंग कल्पना गरेको छु यही आफ्नो अनुभुति राख्तै बिदा माग्न चाहन्छु । धन्यवाद नमस्कार ।

## माननीय सभामुख

माननीय श्री मिना गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु समय ५ मिनेट ।

## माननीय श्री मिना गुरुङ

माननीय सभामुखज्यु, संघिय लोकतान्त्रिक गणतन्त्रात्मक पद्धतिको माध्यमबाट नागरिकहरुको युगौ देखि विकास र समृद्धिको अपेक्षालाई पूर्ण गराउन आवश्यक नीति तथा कार्यक्रमसंगै २०७५।०७६ को यो हाम्रो २०७५।३ महिना असार १ गतेका दिन आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्युले आर्थिक वर्ष ०७५।०७६ को पूर्ण आकारको बजेट प्रस्तुत गर्नुभएको थियो । जसले यस प्रदेशका २४ लाख १३ हजार जनतालाई आशाको दियो बालेको छ । माननीय सभामुखज्यु, २१५०४ वर्ग किलो मिटर क्षेत्रफलमा फैलिएको हाम्रो प्रदेशले पाएको यस बजेट र योजनाबाट ऐतिहासिक रुपमा विकासका लहरहरु फैलिने हामीले

ठूलो आशा लिएको छौ । अर्थको अर्थलाई अर्थयाउन सक्षम विज्ञ तथा नेतृत्वले बृहत रुपमा गहिरिएर छानबिनका साथ प्रयोगात्मक ढङ्गले आएको हाम्रो यो योजना तथा बजेटले अब विकासको सही दिशा निर्देश गर्न सक्छ भन्ने मलाई पूर्ण विश्वास छ । अस्थिर राजनीति र अस्थाई सरकारको मनोवृत्तिले ग्रस्त जनताहरु देशबाट बिमुख हुने अवस्थामा पुगिरहेको बेला आफ्नो गाउँ टोल र नगर सहित प्रदेशको विकासको निर्माणमा योग्यतम विधिद्धारा प्राप्त यस बजेटले सुखी नेपाली समृद्ध नेपालको सपना साकार हुने देखिन्छ । यसको लागि आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्यु साथै वहाँका सबै कर्मचारी टिमलाई हार्दिक बधाई पनि म दिन चाहन्छु ।

माननीय सभामुख महोदय, यस २०७५।०७६ को बजेटले प्राथमिकताका साथ सम्बोधन गरिएका विषयहरु भौतिक पूर्वाधार, कृषी, शिक्षा, स्वास्थ्य, खानेपानी सरसफाई, पर्यटन पुर्वाधार, उर्जा विकास र विस्तार, औद्योगिक क्षेत्र, जलस्रोतको विकास, खेलकुदको पूर्वाधारको विकास जस्ता महत्वलाई विशेष रुपमा समेटेको छ र यो प्रदेशको सम्भाव्यतालाई सुहाउँदो पनि देखिन्छ । बजेट बैज्ञानिक विधिबाट आएको म ठान्दछु ।

अब अन्तमा मैले भन्नैपर्ने वा जोडनुपर्ने विषय बजेट अति उपयोगी समय अनुकुल रहेको भनिरहँदा यसको कार्यान्वयनको पक्षलाई म बिर्सन चाहदिन अत यस बजेटको अपनत्व हाम्रा दुर दराजका प्रदेशबासी जनताहरुले अनुभुत गर्न पाउनु पर्छ भन्ने मेरो पनि यहाँहरु समक्ष अनुरोध छ । जनताहरुको विकासको ठूलो चाहनालाई परिपूर्ति गर्न बनेको यस बजेटले बेल पाक्यो कागलाई कतै हर्ष न बिस्मात भन्ने किसीमको हामीले अनुभुति गर्न नपरोस र अन्तमा जनताको अपेक्षा बोकेका हामी सबै सदस्यहरुले पनि क्षेत्रीय रुपमा दिएको विकासको अभिलाषालाई यो बजेटले पुरा गराउन सकोस यो बजेट सहयोग सिद्ध होस भन्ने पनि म अनुरोध गर्न चाहन्छु र उत्पादनको क्षेत्रलाई यस बजेटले विशेष गरेर अहिले शिर्षकवाइज हामीले देख्न नपाए पनि कुनै ठ्याक्कै त्यस्तो शिर्षकमा नआएता पनि यसले समेटेर लानेछ उत्पादन र उत्पादकत्वमा यसले विशेष आफ्नो भूमिका निर्वाह गर्ने छ भन्ने मलाई विश्वास लागेको छ र यस बजेटबाट हाम्रा महिला श्रमजिवि वर्ग हाम्रा जेष्ठ नागरिक र अपाङ्ग सम्पूर्ण वृद्धवृद्धाहरुलाई पनि सहयोग सिद्ध हुनेछ र यस बजेटले हाम्रो प्रदेशका सम्पूर्ण प्रदेशवासीहरुको विकास र समृद्धिको अपेक्षालाई पुरा गर्नेछ भन्ने मलाई विश्वास लागेको छ । यति भन्दै मेरो भनाई यहि नै अन्त गर्दछु ।
हस त धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री प्रकाश चन्द्र दबाडीलाई छलफलमा भाग लिन समय दिन्छु समय ५ मिनेट ।

## माननीय श्री प्रकाश चन्द्र दबाडी

सभामुख महोदय, आज बजेटको सन्दर्भलाई जोडेर बोल्दा यो बजेट सकारात्मक पक्ष बजेटको कार्यान्वयन गर्ने पक्षका कुराहरु म राख्न अनुमति चाहन्छु । सरकारले ल्याएको बजेट सामान्य रुपमा हेर्दा धेरै खर्च नहुने कार्यक्रम समावेश गरेको जस्तो देखिन्छ । सुन्दा लोकप्रिय आनन्दको बजेट छ जस्तो मलाई लाग्दछ तल जनतालाई पनि त्यही लाग्दछ आज बजेटको लोकप्रियतालाई कार्यान्वयन गर्दा बजेटको हैसियत थाहा होला सरकारले यस अघि ल्याएको बजेट ल्याउने मन्त्रालय पनि ६.१८% हुदाँ यसमा कार्यान्वयन गर्न नसकेको कुरा तथ्याङ्क सर्वविदितै छ । आज हामीलाई मन्त्रालयले गर्न सक्ने बजेट भन्दा पनि बढि आएको तर यसलाई कार्यान्वयन गर्न असम्भव होकी जस्तो मलाई लाग्दछ । आज सरकारले चालु आर्थिक वर्षलाई नीतिगत संरचना निर्माण गर्न भौतिक संरचना घोषणा गरेको थियो । तर अहिले सम्म योजना कार्यान्वयन गर्ने कुनै ठोस नीतिगत संरचना निर्माण भैसकेको छैन । सभामुख महोदय, त्यसैले सरकारले जस्तो नीतिगत राम्रो बजेट भएको छ भन्ने प्रस्ताव भएको छ तर त्यसलाई कसरी कार्यान्वयन गर्ने भन्ने पनि चुनौति त्यतिनै छ ।

सभामुख महोदय, आज संघ संस्था स्थानीय तह सम्म औद्योगिकग्राम भन्ने कुराहरु अगाडी बढाएको छ । सभामुख महोदय, त्यसमा मलाई गौरब लागेको छ खुसी लागेको छ र सबै जनतालाई खुसी लागेको छ तर सभामुख महोदय गोरखामा रहेको एउटा रबर उद्योगको पनि हामीले आवाज यहाँ उठाउन सकेनौ सभामुख महोदय, यसलाई बन्द गरिदैछ त्यो एउटा सत्य एउटा साच्चिनै लाभान्वित भईरहेको ठाउँलाई बन्द गर्ने अनुचित कसरी भयो सभामुख महोदय, यो सरकारलाई ध्यानआकर्षण गर्न चाहन्छु । सभामुख महोदय, आज हामीलाई पिडा छ मैले धेरै चोटी उठाईसके सभामुख महोदय, भूकम्पले पिडित भएका जनता अझै छटपटिरहेका छन । पानीले ओतमुनि बस्न नसकेका छन ।

भूकम्प पिडितलाई केही सम्बोधन नभएकोमा मलाई आपत्ति लाग्दछ । सभामुख महोदय, यसलाई तुरुन्तै सच्याउन पनि अनुरोध गर्न चाहन्छु । आज मलाई कुरा लाग्दछ यहाँ पोखरामा एयरपोर्टको कुराहरु चल्दै जादाँ केन्द्रमा बहस भएको थियो सभामुख महोदय, यहाँ किन केही कुरा उठाईएन सभामुख महोदय, यहाँ २५०० बाट ३००० बनाउने भन्ने

सरकारमा अहिले मुख्य मन्त्रीज्युको दुई चार ठाउँमा बोलेको सुनेको थिए । सभामुख महोदय, सभामुख मार्फत के ध्यानआकर्षण गर्न चाहन्छु भने जनतालाई आफ्नो एउटा लालपुर्जा बुझाएर एयरपोर्टको अभिभारा अगाडी सुम्पिएको तर अहिले किन त्यो पनि सम्बोधन भएन सभामुख महोदय, त्यसलाई पनि ध्यानआकर्षण गर्न चाहन्छु । त्यस्तै यहाँ विभिन्न ठोस नीति तथा कार्यक्रमको लागि अगाडी बढेका कुराहरु केही पाईएको छैन सभामुख महोदय, कार्यक्रमहरु आएका छन तर कार्यक्रम कसरी चलाउने कसरी जाने ठोस नीतिगत कुराहरु केही नआएको कुरामा मलाई सभामुख मार्फत सरकारलाई ध्यान आकर्षण गर्न चाहन्छु । त्यस्तै यहाँ हाम्रो राजधानी पोखरा पोखरालाई २०५९ सालमा सर्भे भैसकेको कुरा मलाई अवगत भएको छ सभामुख महोदय, तर त्यहाँ फेरी सर्भे गर्ने भनेर बजेट छुट्टाएको छ सभामुख महोदय, अब कार्यान्वयन गर्नेतिर किन ध्यान जादैन सभामुख महोदय, यी कुराहरुलाई पनि मध्य नजर राखेर सरकार पक्षलाई अगाडी बढाउन पर्छ जस्तो मलाई लाग्दछ सभामुख महेदय, त्यसैले अब म अन्तमा आज हामी जसरी सोचिरहेका छौ ति जनताको कुरा सोचिरहेका छौ बोलिरहेका छौ कार्यान्वयन गर्ने कुरामा पनि त्यतिकै दायित्व राखेर अगाडी बढन पर्छ जस्तो मलाई लाग्दछ र अन्तमा अब फेरी पुन सरकारले जनताको सामु जादाँ जसरी अहिले बजेटमा आएको कुराहरुलाई कार्यान्वयन गर्न पर्ने कुरा दायित्वसंग निष्पक्ष तरिकाले अगाडी बढने शुभकामना मिल्छ होला मिलाउने काम हामी प्रतिपक्षमा रहने साथीहरुले गर्ने छौ तर यो सरकारले ल्याएको बजेटलाई पूर्ण रुपमा अष्पष्ट भएको कुरा अनुभुत दिदै बिदा हुन्छु । धन्यवाद जयनेपाल ।

## माननीय सभामुख

माननीय श्री चन्द्र बहादुर बुढालाई छलफलमा भाग लिन समय दिन्छु समय ५ मिनेट ।

## माननीय श्री चन्द्र बहादुर बुढा

माननीय सभामुख महोदय, आज हामी बजेटको बारे छलफलमा छौ र म सर्वप्रथम त अर्थ मन्त्रीज्युबाट सरकारको तर्फबाट बजेट प्रस्तुत गर्नुभएको छ यसको मूल स्प्रिट प्रति म पुन समर्थन व्यक्त गर्न चाहन्छु र यो अहिलेको परिवेशमा यो समय सापेक्ष र वस्तुवादी पनि छ र यसले मुख्य गरेर यो प्रदेशको विकास र समृद्धिको ढोका खोल्नेछ भन्ने म विश्वास पनि व्यक्त गर्न चाहन्छु र हामीले यो बजेटको विषयमा छलफल गरिरहदाँखेरी अब केही विषयहरुमा हामीले गम्भिरतापूर्वक पहिला पनि छलफल चलाएका छौ । हाम्रो यो प्रदेशप्रतिको बुझाई के

हो र प्रदेशका समस्याहरु के हुन आवश्यकताहरु के के हुन र चुनौतिहरु केके हुन भन्ने कुरा हामीले चाहीँ धेरै चोटी छलफल चलाएको छौ र शायद हामीले यसो हेरिरहदाँखेरी हाम्रा चुनौतिहरु धेरै सतहमा देखा परिसकेका छन र हामीले यसो  हेर्यौ भने अहिले तात्कालिन रुपमा संविधानले निर्दिष्ट गरेको अधिकारलाई समेत हामीले प्राप्त गर्न सक्या छैनौ । हामीले यसो हेर्यो भने हाम्रो अधिकारको कुरा हाम्रो संगठनको कुरा संरचनाको कुरा हस्तानान्तरण भएको छैन एकातिर अर्कोतिर हाम्रो प्राकृतिक स्रोतलाई हस्तानान्तरण गर्ने कुरा वित्तिय स्रोतलाई हस्तानान्तरण गर्ने कुरा त्यो अझै पूर्णतामा साईद प्राप्त भैसक्या छैन र यही बाध्यताको विचबाट हामीले बजेट अगाडी ल्याई राखेका छौ । सरकारले ल्याई राखेको छ र यद्यपि यो बाध्यताको बिचबाट पनि फेरी हामी यो प्रदेशलाई कसरी समृद्ध तुल्याउन सक्छौ भन्ने एउटा चिन्ताका साथ यो आएको छ मैले अघि पनि भने त्यो स्प्रिटलाई म समर्थन गर्न चाहन्छु र अहिले यसो हेर्‍यो भने हाम्रा आवश्यकताहरु धेरै मुखरित हुन खोजिराख्या छ जनताका आवश्यकताहरु चाहनाहरु धेरै मुखरित हुन खोजिराख्या छ एकातिर त्यसो देख्छौ अर्कोतिर हाम्रा स्रोत साधनहरु सिमित छ यो अन्तरविरोधको बिचबाट हामीले अब सम्बोधन अथवा व्यवस्थापन गर्न खोजिराख्या छौ । त्यसो भएको हुनाले एकातिर त्यो छ र अर्कोतिर मैले अघि भने सरकारबाट जो प्राप्त हुनुपर्ने हो जो अपनत्व कायम हुने गरी जो हामीले परिकल्पना गरेका छौ सदन अपनत्व सहितको सबल र समृद्ध प्रदेशको यो परिकल्पना गरेका छौ त्यो हामीले प्राप्त गर्न सकिराख्या छैनौ त्यसो भको हुनाले यहाँ अहिले  बजेटमा विशेषत यो तिन खम्बे नीतिको प्रष्ट खाका सहित हामीले चाहीँ योजनाको के रे बजेटको अवधारणाको कुरा योजना छनौट र प्राथमिकिकरणको कुरा त्यसपछि वित्तिय व्यवस्थापनको कुरा केन्द्र र स्थानीय तहलाई चाहीँ समन्वयात्मक हिसाबले अगाडी बढने कुरा राजस्व संकलनको कुरा र सुशासनको कुरा जो बजेटमा व्यक्त हुन खोजिराख्या छ यसले धेरै हद सम्म प्रदेशलाई अगाडी बढाउन सहयोग पुग्छ भन्ने म ठान्दछु र अर्को कुरा यहीँ बिचमा मैले राख्नु पर्दा खेरी यो प्रदेश गौरबको आयोजना र यो प्रदेश के रे प्रदेशको सडक भनेर जो राखिया छ यसको आधारहरु के हो र मैले राख्नु पर्दा खेरी बाग्लुङ जिल्लाको पशिचम यो संघिय  २ नम्बर क्षेत्र भनेको अलि फरक भूगोल हो त्यहाँको मनोविज्ञान फरक छ । त्यहाँको अलि थुप्रै विशेषता हरु छन र त्यहाँको आवश्यकता पनि अलि फरक छ ।

हामीले ढोरपाटनलाई हामीले एउटा गौरबको आयोजना बनाएर राख्न सकेनौ अर्को कुरा त्यहाँबाट हामीले गुल्मीको रिडी जोड्ने देखि लिएर रेसुङ्गा जोड्ने अनि उता प्युठानतिर जोड्ने सिधै म्याग्दि तिर जोड्ने सकिने आधारहरु छन त्यो अति आवश्यक विषय पनि हो त्यसलाई हामीले कमसेकम गौरबको आयोजनाभित्र राख्न नसके पनि हामीले एउटा प्रदेशको

आयोजना भित्र त्यो सडक मार्फत सम्बोधन गर्नुपर्ने हुन्थ्यो त्यो अलि अपुगता भएको मैले महशुश गरेको छु यसलाई सही ढङ्गबाट फेरी छलफलद्धारा सम्बोधन गर्नुपर्छ भन्ने कुरा म राख्न चाहन्छु । अब हामी यो बजेटमा जसरी व्यक्त हुन खोजिराख्या छ हामी व्यवहारीकताको कसीमा जादै छ अव्यवहारीकताको कसिमा जादै गर्दा खेरी चुनौतिहरु अवश्य छन मुख्य गरेर हामीले योजना केन्द्रित रहिरहदाँ खेरी अब जनतालाई नयाँ अनुभूति हुने गरिकन हामीले सन्देश प्रवाह गर्न सक्नु पर्छ त्यो नयाँ अनुभूति भनेको त्यो हामीले उत्पादनसंग जोड्ने कुरा हामीले रोजगारसंग जोड्ने कुरा (मा.सभामुख-समय सकियो) र हामीले जनताको जिवन पद्धतिलाई समृद्धीसंग जोड्ने कुरा त्यो अन्तरसम्बन्धित छ यहाँ जानेछ र हामीले रातो किताब शायद प्राप्त गर्‍यौ भने धेरै कुराहरु अलि हुन्थ्यो होला जे होस हामी छोटो रुपमा यो व्यक्त बजेटहरु जो आएको छ यसबाट हामीले टिप्पणी गर्‍यौ यी कुराहरु राख्दै बिदा हुन्छु हस त धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री पुष्पा के.सी.भण्डारीलाई छलफलमा भाग लिन समय दिन्छु समय ५ मिनेट ।

## माननीय श्री पुष्पा के.सी.भण्डारी

माननीय सभामुख महोदय, यो पालिको नीति तथा कार्यक्रमले नै मनमा उल्लास भरेको थियो भने बजेटले त्यसमा प्राण भरेको छ । जिबनको लामो समय लैङ्गिक चेतना र समानताका लागी खर्चेकि मैले यो बजेट हेरे पछि राहत महशुश गरेकी छु । बजेट लैङ्गिक मात्रै मात्र होइन र देशका हरेक खाले नागरिकले अपनत्व महशुश गर्न सक्ने स्वरुपको छ । बाल, वृद्ध, अपाङ्ग, महिला, युवा, दलित, खेलाडी, किसान, शिक्षक, व्यवसायी, उद्योगी आदि जो जे पेशा र क्षेत्रमा छन उनिहरुले  आफूलाई बजेटमा प्रतिबिम्बित भएको पाउँन सक्छन । यो बजेट तयार गर्ने आर्थिक मामिला मन्त्रीज्यु, प्रदेश सरकार र सबै सरोकारवालाहरु प्रति आभार व्यक्त गर्दछु । माननीय सभामुख महोदय, भौतिक पूर्वाधारमा सडक सबै भन्दा महत्वपूर्ण संरचना हो जसलाई यो बजेटले ठुलो महत्वका साथ हेरेको छ । त्यसमा पनि बुदा ३३ को स्थानीय तहको वडा, पालिका, जिल्ला, प्रदेश राजधानी जोडने सञ्जालको जुन योजना छ त्यो अति महत्वपूर्ण छ त्यसले कृषी र पर्यटनको प्रवर्द्धनमा पनि ठूलो टेवा पुर्‍याउने छ । सडक नभएका ठाउँमा सडक सञ्जालसंग जोडने योजना विकट ठाउँका जनतालाई योजनाले विकास विकट ठाउँका जनतालाई उत्साहित बनाउने छ किनकी पक्की पुलका निम्ति बजेटनै एलोकेशन भैसकेको छ ।

सभामुख महोदय, शहरी विकास, उर्जा विकास र नदी नियन्त्रण यसको अर्को महत्वपूर्ण आयाम हो । जलविद्युत, सौर्य, वायु र जैविक उर्जाको दिगो विकासले परनिर्भरतालाई न्युनिकरण गर्ने छ यस क्षेत्रमा सरकारले राखेको अनुसन्धान र अध्ययन प्रतिको चासोले छिटै प्रदेश उर्जामा आत्मनिर्भरता तर्फ उन्मुख हुनेछ । सूचना सञ्चार विज्ञान र प्रविधि तर्फ पनि विज्ञान प्रविधि प्रतिष्ठाननै स्थापना गर्ने व्यवस्था हुनु खुशिको कुरा भएको छ । पर्यटन पूर्वाधारको विकास प्रदेशको प्राथमिक क्षेत्रनै हो पर्यटन गुरु योजना बनाएरनै पर्यटन क्षेत्रको विकास गरिने हुदाँ यसले कति क्षेत्रलाई प्रकाश पार्दछ मैले भनिरहन पर्छ जस्तो लागेन ।

यो बहुआयामिक छ र यसले रोजगारी र विकासमा ठुलो टेवा पुऱ्याउने छ । कृषीका लागी बजेटमा जे जति क्षेत्रमा दृष्टि पुऱ्याईएको छ त्यो प्रशंसनिय छ । यो बजेटले कृषकलाई कृषक हुनुमा गर्व गर्न सक्ने स्थान दिएको छ । इच्छा हुनेलाई अवसर छ युवालाई कृषी तर्फ उन्मुख गराउन सक्ने मोडल बजेटले पेश गरेको छ । सबै भन्दा महत्वपूर्ण कुरा बजार हो कृषी उपजका लागी बजारको सुनिश्चितता र बिचौलिया प्रवृत्तिको अन्त्य कृषि उपज र संकलन केन्द्र स्थापनाका लागी बजेट विनियोजननै भएकोले कृषक ढुक्क हुने वातावरण बनेको छ । युवाहरुलाई स्वदेशमा रोजगारी दिन सकिन्छ भनेर एक निर्वाचन क्षेत्र एक औद्यौगिकग्रामका लागी विनियोजित बजेटले पुष्टि गर्दछ । व्यवसायिक जडिबुटी खेतिको प्रवर्द्धन गर्ने कुराले बाँझो छोडिएका जमीन पुन उपयोगमा आउने छन भने गाउँ छोडेर शहर झर्ने प्रवृत्तिलाई पनि न्यूनिकरण गर्ने छ भन्ने मलाई लागेको छ । दुर्गम पहाडी क्षेत्रमा जहाँ खाजा र ड्रेस पाईन्छ भनेर मात्र बालबालिकाहरु विद्यालय गएको मैले देखेकी छु त्यहाँ आवासिय विद्यालय बनाउने भन्ने कुराले यो बजेटले बोल्दा मनबाट एउटा बोझ घटेको अनुभव भएको छ । अर्थ मन्त्रीले बजेट भाषण गर्दै गर्दै जाँदा मेरो ओठमा मुस्कान छरिदा मेरो आँखा भिजेका थिए कारण थियो महिला र बालबालिकाको स्वास्थ्यमा (मा. सभामुख -मा. सदस्य समय सकियो) देखिएको स्वास्थ्य बिमा स्वास्थ्य गर्भवति महिलाको स्वास्थ्य पाठेघरको समस्या शल्यक्रिया वर्किङ सेन्टर गर्भवति र सुत्केरीको जटिल अवस्थाका लागि एयर लिफ्टिङ सुविधा र खोपको व्यवस्था र त्यति मात्र हैन हिंसा पिडित महिला तथा बालबालिकाका लागि परामर्श स्वास्थ्य उपचार कानूनि उपचार जस्ता सेवा निशुल्क गराउन आश्रय सहितको  पुर्नस्थापन केन्द्रको स्थापना गर्ने र बालमैत्रि शोषण घोषणा गर्ने कुराले पनि मलाई आनन्दित तुल्याएको थियो । जेष्ठ नागरिक आश्रय र दिवा

सेवा केन्द्रको स्थापनाले र शहिद बेपत्ता विपन्न र भूमीहिनहरुलाई संरक्षण  कार्यक्रमले (मा. सभामुख-मा. सदस्य समय सकियो) कहीं नछुटेको आभाष गराउँदछ । धन्यवाद छ महोदय ।

## माननीय सभामुख

माननीय श्री डोबाटे विश्वकर्मालाई छलफलमा भाग लिन समय दिन्छु समय ५ मिनेट ।

## माननीय श्री डोबाटे विश्वकर्मा

माननीय सभामुखज्यु, अर्थ तथा योजना मन्त्री किरण गुरुङज्युले ०७५।०७६ को बजेट जुन प्रस्तुत गर्नुभएको छ निश्चय पनि यो प्रदेशको निम्ति यो ४ नम्बर प्रदेशका जनताको निम्ति एउटा रक्तसंचारको माध्यम हो भन्ने कुराले यल्लाई पुष्टि गर्दछ । विशेष गरेर यस संगसंगै मैले यो बजेटको पुस्तिका अध्ययन गर्नि सन्दर्भमा मैले हेरे धेरै फेरा फर्किएर धेरै पान्नाहरु पल्टाएर हेरे तब मलाई के अनुभूति भयो भने निश्चय पनि अहिलेको हामी संघिय संरचना गैरहेको अवस्थामा केन्द्रबाट प्रदेश सरकारलाई विभेद गरेको कुरा हामी सबैमा अनुभूति भैरहेको छ त्यस माथि पनि प्रदेश सरकारले प्रदेशका सदस्यहरुलाई त्यही माथि पनि समानुपातिक बाट प्रतिनिधित्व गर्ने सदस्यहरु प्रति ज्यादै अपमान र अपहेलित भाको अनुभूति मलाई लागेको भएको छ । किनभने सभामुख महोदय, जसरी यहाँ बजेट विनियोजन गरिएको छ एक निर्वाचन क्षेत्र स्तरिय सडक निर्माण भनेर क्षेत्र विकास कोषलाई घुमाउरो पाडा पाराबाट दुई करोड दश लाखका दरले विनियोजन गरेर निर्वाचित माननीय सदस्यज्युहरुलाई सम्म सम्बोधन हुनि गरेर र वहाँहरुलाई चित्त बुझाउन सक्नि गरेर अरु समानुपातिकबाट आएका माननीय सदस्यहरुको कुनै खालको भूमिका नरहने ढङ्गबाट यो आम्दाखेरीमा ज्यादै दुखित अनुभूति भएको मलाई अनुभूति भएको छ । किनभने मलाई लाग्छ अब आगामी दिनमा हाम्रो संविधानलाई संसोधन गरेर यो समानुपातिक निर्वाचन प्रणालीलाई खारेज गर्दा खेरीमा धेरै बेस होला जस्तो मलाई अनुभूति भएको छ । मलाई असाध्यै दुखि अनुभूति भएको छ । त्यसकारणले गर्दाखेरीमा हामीलाई यस्तो खालको अनुभूति हुनि खालको यो बजेटले सम्बोधन नगरिदिएको भए हुदि ज्यादै राम्रो हुनिथियो भन्नि मलाई लाग्दछ । निश्चय पनि रातो किताबबाट कतै हाम्रा पनि सम्बोधन हुनि खालका वातावरण भएछ भने म माननीय मन्त्रीज्यूलाई धन्यवाद दिन चाहन्छु र आर्को कुरा जसरी मैले थुप्रै बुदाँहरु हेरे र बुदाँहरु हेर्दै जादाँ जस्तै यो स्वास्थ्यको कुराहरु आयो महिला महिला दिदी बहिनीहरुको लाई र विशेष गरेर यो ज्यादै राम्रो कुराहरु छ औषधि उपचार गर्न नसक्ने महिलाहरुको उपचारको लागि

तर कतै पनि महिला दिदी बहिनीहरुको निम्ति आयमूलक सिप र आय आर्जनका कार्यक्रम कतै नजोडिनुले यो निश्चय पनि महिलाहरु माथि अपमान भएको होकी भन्ने मलाई अनुभूति भएको छ ।

अर्को कुरा बुदा नं. १३७ मा अल्पसंख्यक तथा दलितको सम्बन्धमा पनि यहाँ कुराहरु उठेको छ तर त्यसमा हाम्रो बजेटमा सम्बोधन मात्र भाको छ तेले बजेट शिर्षकले कुनै पनि सम्बोधन नगरेको कारणले यो प्रदेशका दलितहरुले कुनै पनि खालको अनुभूति गर्न नसक्नि र बजेट छुट्टाएर दिदा पनि हुनि नदिदा पनि हुनि खालको होकी भन्नी खालको अमूर्त खालका आका भन्नि मलाई लाग्दछ र अर्को भूमीहिन सुकुम्बासीहरुको सम्बन्धमा पनि यो चाहीँ प्रदेशमा थुप्रै भूमीहिन सुकुम्बासी जनताहरु छन त्यसको निम्ति पनि यो बजेटले कुनै सम्बोधन नगरेको अवस्था रहिरह्यो जुन जनता आवास कार्यक्रममा पजि बजेटले सम्बोधन नगरेको र मात्रै शिर्षकमा मात्रै भएको कारणले यसको पनि अमूर्त भएको र यसमा पनि शंखा गर्नि खालका अनुभूति भएको छ र सामाजिक सुरक्षा जेष्ठ नागरिकहरुको निम्ति पनि जुन एउटा बस्नि खालका भवनहरुको कुराहरु आएको छ र वहाँहरुले एउटा जुन चाहीँ हामीले वृद्ध भत्ताहरुको कुरा थियो त्यसमा  कुनै खालको अब एक पैसा पनि तेल्लाई नबढाई कमसेकम निर्वाचनको बेलामा जुन पाँच हजार पुऱ्याउनि भन्नि खालको तेले कुनै पनि सम्बोधनहरु र कत्तिपनि तेलाई सम्बोधन गर्न नसकेको निश्चय पनि वृद्धाहरुलाई पनि येले सम्बोधन गर्न सकेन भन्नि मलाई लाग्दछ । त्यसकारणले म आग्रह गर्न चाहन्छु यो सपै सम्मान खालको ढङ्गबाट विकास बजेटले समावेश गर्न सक्यो भने निश्चय पनि हामी मात्र यो हुनत यहाँ माननीय अर्थ मन्त्रीज्युले हिजो पनि सुने मैले माननीय भनेको यो नियम कानून मात्रै बनाउनि हो विकास बाडनि हैन भन्नि खालको कुरा पनि वहाँबाट सम्बोधन भाको कुरा सुने तर त्यतिनै हो भने यो प्रदेशमा विकास बजेट र बजेट छुट्टाउन पर्दैन । मात्र यहाँ चाहिने सेवा सुविधालाई मात्रै हामीले छुट्टाइदियौ भने किन हामीले विकासलाई गर्न पऱ्यो । यति जबसम्म अरु बजेट ल प्रदेश सरकारले खै नियन्त्रणमा लिन खोज्या हो भने यो कुरा निश्चय पनि सांसदहरुलाई दुखदायि हुनेछ भन्ने मलाई लाग्दछ । त्यस कारणले (मा.सभामुख -मा. सदस्य समय सकियो) यो कुरालाई सुधार्नको निम्ति पनि आग्रह र अनुरोध गर्दै र अन्तिममा म यो तिन जिल्लाको सेन्टर पर्ने भएको  कारणले त्यहाँको तिनटा जिल्लाका जनताहरुले त्यहाँबाट औषधि उपचार र सेवा लिन सक्ने भाको कारणले दमौलि हस्पीटललालाई तुरुन्तै पचास शैयाको हस्पिटल निर्माण गर्नको  लाईनै आग्रह र अनुरोध गर्दै विदा हुन्छु । धन्यवाद जय नेपाल ।

## माननीय सभामुख

माननीय श्री मधुमाया अधिकारी गुरुङलाई छलफलमा भाग लिन समय दिन्छु समय ५ मिनेट।

## माननीय श्री मधुमाया अधिकारी गुरुङ

माननीय सभामुख महोदय, आर्थिक मामिला तथा योजना मन्त्री माननीय किरण गुरुङज्युले आर्थिक वर्ष २०७५।०७६ को वार्षिक बजेट २०७५ असार १ गते सम्मानननीय सदनमा प्रस्तुत गर्नुभएको छ । असाध्यै छोटो समयमा मसिनो गरि नीति तथा कार्यक्रमको जगमा उभिएर बजेटको सैद्धान्तिक छलफल गरी आएको छ र तसर्थ प्रदेश सरकारलाई धन्यवाद दिदै सफल कार्यान्वयनको शुभकामना समेत दिन चाहन्छु र यो कार्यान्वयनको पूर्ण समर्थन गर्दै सफल म समेत प्रतिवद्ध रहनेछु । माननीय सभामुख महोदय, प्रस्तुत बजेटको सन्दर्भमा जसरी हामी छलफलमा जुटिराखेका छौ प्रस्तुत बजेटले सामन्तवादि निरङ्कुश राजतन्त्रात्मक व्यवस्थाले गरेका जो विभेदहरु छ वर्गिय विभेद, क्षेत्रिय विभेद, लिङ्गिय विभेद, जातिय विभेद र सबै प्रकारका विभेदहरुको अन्त्य गर्ने गरेर एउटै वर्गारमा उभ्याउने कोशिश गरिराखेको छ ।

माननीय सभामुख महोदय, आर्थिक समृद्धिको जग र समाजवाद उन्मुख अर्थतन्त्रको आधार निर्माण गर्न स्थानीय तहबाट सुष्म अध्ययन गरी पर्यटन मार्फत रोजगारी, उर्जा मार्फत उज्यालो प्रदेश कार्यक्रम र रोजगारी कृषी मार्फत आर्थिक समृद्धि उद्योग मार्फत विकास र रोजगारी पूर्वाधार मार्फत विकास निकास रोजगारी र समृद्धि यि सबै क्षेत्रमा छुट्टाएको बजेटले सडक पूर्वाधारका क्षेत्रमा आज कुना कप्चरामा रहेका जनताहरु बाटोको असुविधाका कारणले समयमा स्वास्थ्य चौकी पुग्न नसकेर मृत्यु हुने गरेको छ त्यसको अन्त्य गर्नको निम्ति दुर दराजका वस्तीहरुमा बाटो, शिक्षा, स्वास्थ्य पुग्नेछ र उर्जा विकास कार्यक्रमले आज सबै कैयन जनताको टुकीको भरमा बस्नु पर्ने बाध्यताहरु छन त्यसको अन्त्य हुनेछ । जसले नदी नियन्त्रण उज्यालो वातावरण सिर्जना गर्नेछ । नदी नियन्त्रण, सूचना सञ्चार, पर्यटन, कृषि, उद्योग, बन, वातावरण, शिक्षा, स्वास्थ्य, लगानीमैत्री कार्यक्रम लगायत जो १४% गरिबीको रेखा मुनि हाम्रो प्रदेश छ यसलाई घटाउनको निम्ति यो प्रदेश यो बजेट सकारात्मक रहेको छ । बजेटको कार्यान्वयनको कार्यान्वयनबाट सार्बजनिक नीजि सहकारी क्षेत्रको लगानीमा वृद्धी हुनेछ ।

रोजगारी र स्वरोजगारको थप अवसर सिर्जना भै प्रदेशको शुसासन र आर्थिक समृद्धि हुने विश्वास पैदा भए भएको छ । निर्देशनलाई कार्यान्वयनको निम्ति मात्र होईन निर्देशन

अनुगमन नियन्त्रण र नियन्त्रणलाई बलियो बनाउन आवश्यक छ जनतामा साना साना योजनाहरुको यसले ठूलो योजनाहरुलाई सम्बोधन गरेको छ र साना साना योजनाहरुलाई सम्बोधन गर्नको निम्ति क्षेत्र विकास कार्यक्रम अथवा संसद विकास कोषको पनि आवश्यकता पर्छकि भन्ने अनुभूति गरिराखेको छु र यसरी हेर्दा खेरी थुप्रै पर्यटन क्षेत्र अर्थात ताल तलैयाहरुको व्याख्या गरिएको छ । मैले सुझावको रुपमा पञ्चासे ढोरपाटन गोरखा दरबार लगायत थुप्रै ठाउँको किटान गरिएको छ । यो सकारात्मक विषय छ तर बाह्र पोखरी, मेमे पोखरी, दुध पोखरी जस्ता तालहरुको विषयमा यो बजेट बोलिराखेको छैन । त्यसै गरी लमजुङ दरबार, कालिका दरबार पनि यो बजेटमा बोल्न पर्छ भन्ने लागेको छ र मुख्य कुरा के हो त भन्दा अनुगमन गर्ने र भ्रष्ट्राचार शून्य प्रदेश बनाउनको निम्ति यो सरकार प्रतिवद्ध रहने छ भन्ने विषय राख्दै बिदा हुन्छु । धन्यवाद ।

## माननीय सभामुख

माननीय जुना देवी नेपालीलाई छलफलमा भाग लिन समय दिन्छु समय ५ मिनेट ।

## माननीय श्री जुना देवी नेपाली

माननीय सभामुख ज्यु, माननीय आर्थिक मामिला तथा योजना मन्त्री श्री किरण गुरुङ ज्युले मिति २०७५ असार १ गते सभामा जुन बजेट वक्तव्य प्रस्तुत गर्नुभयो एकदमै मेहनतकासाथ ल्याउनु भएको छ । वहाँ लगायत प्रदेश सरकार प्रति म आभार प्रकट गर्दछु। माननीय सभामुख महोदय ज्यु, समृद्ध नेपाल सुखी नेपालीको राष्ट्रिय अभियानलाई आम नागरिकले अनुभूत गर्ने गरी सकारात्मक परिवर्तन र समाजवाद उन्मुख अर्थतन्त्र र समृद्ध प्रदेश निर्माणमा यो बजेटले कोशे ढुङ्गाको रुपमा रहनेछ भन्ने मलाई विश्वास लागेको छ प्रदेशका सार्वजनिक सेवालाई जनता प्रति उत्तरदायी बनाउने विकास र शुसासन मैत्रि उपलब्ध स्रोत साधनको अधिकतम उपयोग मार्फत आर्थिक तथा सामाजिक विकास, नागरिक स्वतन्त्रता, विधिको शासन, मानव अधिकार र सूचनाको सञ्चारको विकास क्षमता अभिवृद्धि गरि गरिबी न्यूनिकरण रोग भोक र शोकलाई सम्बोधन गर्दै सुरक्षित बसोबास र पूर्वाधारको विकास, शिक्षा, स्वास्थ्य, खेलकुद, महिला विकास, रोजगारी जस्ता क्षेत्रमा गुणात्मक सुधार गर्ने यो बजेटले विकास तर्फ उन्मुख गर्ने बोलेको छ । यहाँ भनिएको छ मैले सुनेको छु यो बजेट चाहीँ एउटा रोमान्चित हो एउटा कागजि दस्तावेज हो र कल्पना मात्रै हो भन्नेहरुको लागि यो बजेटले गतिलै जवाफ दिएको छ । मलाई लाग्छ यो बजेटले गाउँ गाउँमा अति गरिबी र अल्पसंख्यक र पिछडिएको दलित वर्गहरुको लागि एउटा खुट्टामा जुत्ता नभएर

विद्यालय जान नसक्ने र एउटा छोरा छोरीलाई समयमा खाना खुवाउने र विद्यालय पठाउने र उसको शरिर ढाक्ने कपडा नभएका कारण उसको अभिभावक र शुभ चिन्तकले हात फैलाउदै हिडनु पर्ने जुन अहिले वर्तमान स्थिति छ त्यो स्थितिको अन्त गर्नेछ भन्ने मैले महशुश गरेको छु  र हिंसा र दुर्व्यवहारमा परेका पिडित भएर बस्नु पर्ने अब महिलाहरुको स्थिति हुने छैन क्षमता र उमेर अनुसारको पेशा व्यवसायमा संलग्न हुने अवसर यो बजेटले प्रदान गर्नेछ ।

मैले विश्वास लिएको छु त्यति मात्रै होईन किशोर किशोरीहरुलाई यो प्रजनन स्वास्थ्य सम्बन्धि जिवन उपयोगी शिप सम्बन्धि उज्जल जिवनतर्फ उन्मुख हुने कुराहरु प्रेरित हुने कुराहरुमा यो बजेटले बोलेको छ । अहिलेलाई महिलाहरुको जुन हिंसा पिडितहरुको लागि बढि सम्बोधन गरेको छ र आगामी दिनमा हामीले अझै यस्ता समस्या समाधानको लागि रियाक्टिभ खालका कार्यक्रमहरु बाट परिमार्जित हुदै यस्ता समस्या आउन( मा. सभामुख -मा. सदस्य समय सकियो) नदिनको लागि प्रोयाक्टिभ खालका कार्यक्रमहरु पनि हामी ल्याउन आवश्यक छ भन्दै प्रदेशले गौरब गर्ने खालका योजनाहरु पनि आएको छ र त्यसको लागि यो बजेटलाई म पूर्ण समर्थन गर्दछु । धन्यवाद नमस्कार ।

## माननीय सभामुख

माननीय श्री दिलमाया रोक्का मगर गौतमलाई छलफलमा भाग लिन समय दिन्छु । समय ५ मिनेट ।

## माननीय श्री दिलमाया रोक्का मगर गौतम

माननीय सभामुख महोदय, माननीय आर्थिक मामिला तथा योजना मन्त्री किरण गुरुङज्युबाट प्रस्तुत आर्थिक वर्ष ०७५।०७६ को वजेट वक्तव्य माथि छलफलमा जुटेका छौ । यतिबेला तिन तहको सरकारको अभ्यासको क्रममा छौ भने संघिय लोकतान्त्रिक गणतन्त्रलाई संस्थागत गर्दै प्रदेशको विकास र समृद्धि गर्ने हाम्रा प्रतिवद्धताहरु पनि हाम्रा साम‍ु रहेका छन्। वास्तवमा सरकारको अर्को अभिव्यक्ति आर्थिक समृद्धि विकास अनि शुसासनिक र समाज निर्माण हो भन्ने मलाई लाग्दछ । यसै सन्दर्भमा प्रस्तुत यो आर्थिक वर्ष ०७५।०७६ को वक्ततव्यलाई सरसर्ति हेर्दा प्रदेश नम्बर ४ को विकास समृद्धि र जनताको आवश्यकता र भावनाको कदर गर्दै आएको छ । यसमा प्रदेश सरकार र माननीय मन्त्रीज्युलाई धन्यवाद ज्ञापन गर्दै समर्थन गर्दछु ।

सभामुख महोदय, यो बजेटको उद्देश्य र प्रदेशको उच्च प्राथमिकताको लगानीलाई हेर्दा महत्वपूर्ण रहेको छ । समग्रमा यति बेला हामी ४ नम्बर प्रदेशलाई नमुना प्रदेश बनाउने कल्पना र प्रतिवद्धता गरिरहँदा हाम्रा प्राथमिकता र आवश्यकता संगै भौगोलिक विविधता पनि रहेको छ । यसर्थ हामीले हरेक क्षेत्र, जाति, वर्गको प्रतिनिधित्व गर्दै सिङ्गो प्रदेशको विकासमा जुटेका छौ । यति बेला हाम्रा सामु थुप्रै संभावना र चुनौतिहरु रहेका छन् । यसका साथै आवश्यकताहरु पनि उतिकै रहेका छन् । जसलाई हामी यसै पटक एकै पटक सबै संभावनाहरु समस्याहरुको समाधान गर्न सक्दैनौ यसर्थ यति बेला प्रदेश सरकार आवश्यकताको पहिचान गर्दै चुनौति संग जुध्दै र संभावनाको खोजिमा रहेको छ । मैले यसरीनै बुझेको छु ।

सभामुख महोदय, हाम्रो आवश्यकता र संभावनाको खोजि गरिरहँदा त्यसमा हाम्रा दुर्गम बस्ती दुर्गम बस्ती पनि बोलेको हुनु पर्ने छ । गरिब र किसान वर्गले संघिय लोकतान्त्रिक गणतन्त्रको प्रत्याभूति व्यवहारमा गर्न पाउनु पर्दछ । दुर्गम बस्तीका कृषकले उत्पादन गरेका हरेक वस्तुले प्रदेश नम्बर ४ को शहरहरुमा उच्च स्थान पाउने सहज वातावरण यो प्रदेश सरकारले गराउनु पर्दछ तब हाम्रा विकास भौतिक पूर्वाधार र समृद्धि अनि हाम्रा प्रतिवद्धताहरु त्यही पुरा हुनेछ । यसर्थ यतिबेला प्रदेशको जनतालाई मिठा भाषण चाहिएको छैन । व्यवहारिक रुपमा सहज हुने नीति र विधिसंगै विकास र समृद्धि चाहेका छन् । हामी सबैले आफ्नो राजनैतिक स्वार्थ भन्दा माथि उठेर जनताको भावना र आवश्यकता अनुसार विकासका विकासमा जुटने हो भने अवश्य पनि यो बजेट र योजना हाम्रा लागि निकै महत्वपूर्ण रहनेछ । यदि राजनैतिक भागवण्डा गर्न भागवण्डा खोज्न थाल्यौ भने दुर्भाग्यपूर्ण रहनेछ समग्रमा बजेटको मूल स्प्रिट राम्रो रहेको छ यसका उद्देश्यहरु पुरा गर्न पर्याप्त बजेटको अभाव रहेको छ र पनि यो बजेटलाई कार्यान्वयन गर्दै सरकारले आर्थिक र सामाजिक रुपान्तरणको लक्ष्य लिएको छ यसको लागी कार्यान्वयन पक्षलाई छिटो भन्दा छिटो अगाडि बढाउन सकेमा हाम्रा विकासको चाहनाहरु अवश्य पनि पुरा हुनेछ भन्ने अपेक्षा राख्दै मेरो भनाई यहि अन्त्य गर्दछु ।

धन्यवाद ।

## माननीय सभामुख

माननीय श्री रोसन बहादुर गाहा थापालाई छलफलमा भाग लिन समय दिन्छु समय ५ मिनेट ।

## माननीय श्री रोसन बहादुर गाहा थापा

माननीय सभामुखज्यु, प्रदेश सरकारले पहिलो पटक प्रस्तुत गरेको बजेट माननीय प्रदेश प्रमुख बाबुराम कुवँरज्युबाट प्रस्तुत आर्थिक वर्ष २०७५।०७६को नीति तथा कार्यक्रम आर्थिक मामिला तथा योजना मन्त्रीज्युबाट विनियोजित विधेयक २०७५ सिद्धान्त र प्राथमिकताको आधारमा छलफल गरिएको प्रस्तुत र प्रदेश सरकारले असार १ गते ल्याएको पहिलो बजेट नीति तथा कार्यक्रमसंग राम्रो मेल खाएको छ र यो बजेट सबै निकायलाई छुने काम पनि गरेको छ । यो बजेट राम्रो छ र जनमुखी बजेट छ यो प्रदेशको आर्थिक समृद्धिको जग समाजवाद उन्मुख अर्थतन्त्रको आधारमा स्थानीय तहबाटै विकासको निर्माणको जग यसले शिलान्यासको रुपमा शुरुवात गरेको छ ।

समृद्धि विकसित प्रदेश निर्माणका लागि प्रदेशले गौरबका योजनाहरु यो बजेटले समेटेको छ । यल्लाई हामीले गम्भिर रुपमा यसलाई अध्ययन गर्नु जरुरी छ । हाम्रो देश प्रदेश नम्बर ४ मा रहेको ठूला मित्र देशहरुको बिचमा रहेको हाम्रो प्रदेश नम्बर ४ आज यो बजेटले दुइटै ठूला देशको नाका छुने गरी गौरबका योजनाहरु कोराला पोखरा, पोखरा भिमाद डेढगाउँ दुम्कीबास द्रुतमार्गको रुपमा यसले पहिलो यसले शुरुवात गरेको छ यसले अन्य गौरबका योजनाहरुलाई शालिग्राम सांस्कृतिक करिडोर देखी लिएर मालढुङ्गा बेनी सम्म बुढीगण्डकी देखी मर्स्याङदी कालीडोर सम्म यसले यो बजेटले समेटेको छ । यसले धेरै व्याख्या विश्लेषण होला त्यो भित्र तर बजेटले समेटेको कुरालाई हामीले यलाई ग्रहण गर्न जरुरी छ । एक निर्वाचन क्षेत्रमा एक स्तरिय सडक निर्माणको निम्ति यो बजेटले प्रतिवद्धता जाहेर गरेको छ । यो गम्भिर विषय छ यो यो कनिका छरेको हैन यो यो देशलाई यो प्रदेशलाई समृद्धि विकसित प्रदेश बनाउनको निम्ति यो बजेट बोलेको छ ।

भौगोलिक विकटताले गर्दा अहिले सम्म धेरै व्यवस्थाहरु परिवर्तन भयो तर त्यो ठाउँमा अहिले सम्म विकासको परिवर्तनको अनुभूति प्राप्त हुन नसकेको एघार वटा जिल्लाको यो प्रदेश मध्येको पनि गोरखाको चुमाङधोर्चे, नवलपुरको हुप्सेकोट र बाग्लुङको ढोरपाटन-लाई विशेष क्षेत्रको रुपमा यो बजेटले बोलेको छ । हामी कृषक हाम्रो देश कृषि प्रधान देश यो बजेटले आधुनिकिकरण, व्यवसायिककरण, यान्त्रिकरण र मुख्य मन्त्री वातावरण मैत्रि नमुना कृषि गाउँको रुपमा यो बजेटले बोलेको छ । बालि, पशु, पंक्षी देखी लिएर मत्स्य व्यवसायलाई एउटा मोडेल फर्मको रुपमा यो बजेटले बोलेको छ । अन्य कृषकलाई शित भण्डार यसको सुरक्षित भण्डार कृषि उपजको लागि धेरै यसले व्याख्या विश्लेषण गरेको छ । पर्यटनकै हिसाबमा धेरै भन्दा धेरै पर्यटन यो प्रदेशमा भित्राउनका निम्ति यसले पर्यटन गुरु

योजनाहरु तयार गर्ने ३०० गाउँलाई एउटा नमुना पर्यटनको रुपमा अगाडी बढाउने कुरामा यो बजेटले बोलेको छ । उज्यालो प्रदेश बनाउनका निम्ति यो प्रदेशले बोलेको छ । शुद्ध पिउने पानीको (मा. सभामुख - मा. सदस्य समय सकियो) निम्ति यो प्रदेशले बोलेको छ । दुई वर्ष भित्रमा उज्यालो प्रदेश दुई वर्ष भित्रमा शुद्ध पिउने पानी जनतालाई व्यवस्थापन गर्ने कुरा यो बजेटले बोलेको छ । औद्योगिक क्षेत्रको बारेमा, शिक्षाको बारेमा, स्वास्थ्यको बारेमा धेरै बोलेको छ र भाषा संस्कृतिको बारेमा पनि संरक्षण सम्बर्द्धन गर्ने (मा. सभामुख-मा. सदस्य समय सकियो) कुरामा बोलेको छ । त्यसो भएको हुनाले सम्बन्धित मन्त्रालयले कार्यविधि तय गरेर अब यलाई छिटो कार्यान्वयन गर्ने कुरामा जानु हुनेछ भन्ने विश्वासका साथ यो बजेट राम्रो छ जनमुखी छ ।

धन्यवाद ।

## माननीय सभामुख

**माननीय सदस्यहरु, यो छलफल आजको लागि यहि समाप्त हुन्छ । माननीय सदस्यहरु अब यो बैठक २०७५ साल असार ४ गते बिहान ११ बजे सम्मको लागि स्थगित हुन्छ ।**